# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## लुम्बिनी प्रदेश

### अर्ध-वार्षिक प्रतिवेदन

(आ.व.२०७९/८०)




**नेपाल राष्ट्र बैंक**

**सिद्धार्थनगर कार्यालय**

(२०८० असार)

## भूमिका

नेपाल राष्ट्र बैंकले देशको समष्टिगत अर्थतन्त्र, आर्थिक विकास, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर लगायतका विषयमा अध्ययन/अनुसन्धान गर्ने गर्दछ । सो प्रयोजनार्थ तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र प्राप्त नतिजालाई प्रतिवेदनको रुपमा प्रकाशन गरी सार्वजनिक गर्दै आईरहेको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् प्रदेशगत रुपमा केन्द्रीय बैंकको काम कारबाहीलाई थप स्पष्ट र प्रभावकारी बनाउन आर्थिक वर्ष २०७६/७७ देखि लुम्बिनी प्रदेशमा रहेका १२ वटै जिल्लाहरु (रुपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, रुकुमपूर्व, रोल्पा र प्यूठान) लाई समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालिएको छ । बैंकले जारी गरेको **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (प्रथम संशोधन, २०७९)"**बमोजिम यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने जिल्लाहरुको कृषि, उद्योग, सेवा, पूर्वाधार क्षेत्र अन्तर्गत तोकिएका अन्य शीर्षकहरुको समेत निर्दिष्ट ढाँचामा आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक (२०७९ साउनदेखि २०७९ पुस मसान्तसम्म) तथ्याङ्क संकलन गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन अर्थतन्त्रको विविध पक्षमा सरोकार राख्ने सरकारी निकाय, निजीक्षेत्र, विद्यार्थी, शोधकर्ता लगायतका सरोकारवालाहरुलाई उपयोगी हुने विश्वास लिएको छु ।

यो प्रतिवेदन तयार गर्ने क्रममा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेशका मन्त्रालय तथा मातहतका कार्यालयहरु, लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटै जिल्लाका सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने उप-निर्देशकद्धय श्री गुलाव धवल, श्री छविलाल घिमिरेलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी, प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशकहरु श्री सुसिल खनाल, श्री सन्तोष गुप्ता, श्री देवराज ज्ञवाली, श्री मनीष श्रीवास्तव, प्रधान सहायक श्री कमल प्रसाद आचाय र सहायक श्री दिक्षा अर्याल एवम् आर्थिक अनुसन्धान इकाई नेपालगञ्ज टोलीका सहायक निर्देशक श्री लवली श्रीवास्तव, सहायक निर्देशक श्री दिपेश यादव, प्रधान सहायक श्री विष्णु बहादुर के.सी. र सहायक श्री रवि कनौजियालाई समेत धन्यवाद दिन चाहन्छु ।

**सत्येन्द्रराज सुवेदी**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर**

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | |
| **परिच्छेद १** | **अध्ययन परिचय** | | १–३ |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | अध्ययनको उद्देश्य | १ |
| | १.३ | अध्ययन विधि | १ |
| | १.४ | अध्ययनको सीमा | २ |
| | १.५ | अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद २** | **प्रदेशको तुलनात्मक स्थिति** | | ४–९ |
| | २.१ | लुम्बिनी प्रदेशको भूभाग र जनसङ्ख्या | ४ |
| | २.२ | राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| | २.३ | अन्तरप्रदेश तुलना | ५ |
| | २.४ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ८ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | | १०–१८ |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | १० |
| | ३.२ | कृषि उत्पादन | १२ |
| | ३.३ | पशुपन्छी तथा माछा उत्पादन | १४ |
| | ३.४ | वनजन्य उत्पादन | १६ |
| | ३.५ | सिँचाइ | १७ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १७ |
| | ३.७ | कृषि क्षेत्रका सम्भावना तथा चुनौती | १८ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | | १९–२४ |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | २० |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | २१ |
| | ४.३ | औद्योगिक क्षेत्रको सम्भावना तथा चुनौती | २३ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | | २५–३५ |
| | ५.१ | पर्यटन | २५ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २६ |
| | ५.३ | वित्तीय सेवा | २७ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | ३० |
| | ५.५ | सहकारी | ३१ |
| | ५.६ | यातायात | ३२ |
| | ५.७ | फण्ड ट्रान्सफर | ३२ |
| | ५.८ | परिवर्त्य विदेशी मुद्रा | ३३ |
| | ५.९ | भारतीय मुद्रा | ३३ |
| | ५.१० | मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी | ३४ |
| | ५.११ | सेवा क्षेत्रको सम्भावना तथा चुनौती | ३४ |

| | | | |
|---|---|---|---|
| **परिच्छेद ६** | **पूर्वाधार र रोजगारी** | | ३६–३९ |
| | ६.१ | पूर्वाधार क्षेत्र | ३६ |
| | ६.२ | पूर्वाधार क्षेत्रका सम्भावना तथा चुनौती | ३७ |
| | ६.३ | रोजगारी | ३८ |
| | ६.४ | रोजगारीका सम्भावना तथा चुनौती | ३९ |
| **परिच्छेद ७** | **प्रादेशिक कार्यक्रम तथा योजना** | | ४०–४३ |
| | ७.१ | प्रादेशिक सरकारी बजेटको प्रगति अवस्था | ४० |
| | ७.२ | स्थानीय तहको बजेटको प्रगति अवस्था | ४१ |
| **परिच्छेद ८** | **आर्थिक परिदृष्य** | | ४४–४६ |
| | ८.१ | कृषि उत्पादन | ४४ |
| | ८.२ | औद्योगिक उत्पादन | ४५ |
| | ८.३ | सेवा क्षेत्र | ४५ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ४६ |

## बक्स-सूची

पेज नं.

बक्स १: स्पीड ईनर्जी ईण्डष्ट्रिज प्रा.लि. २३

## तालिका-सूची

पेज नं.

तालिका २.१: प्रदेशगत आर्थिक वृद्धि ६
तालिका २.२: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान ६
तालिका २.३: लैङ्गिक अनुपात र जनघनत्वको प्रदेशगत अवस्था ८
तालिका ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था १०
तालिका ३.२: तरकारी बालीले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था ११
तालिका ३.३: फलफूलले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था ११
तालिका ३.४: मसलाले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था १२
तालिका ३.५: खाद्य तथा अन्य बाली उत्पादनको जिल्लागत अवस्था १३
तालिका ३.६: तरकारी बालीको जिल्लागत उत्पादन अवस्था १३
तालिका ३.७: फलफूल उत्पादनको जिल्लागत अवस्था १४
तालिका ३.८: मसला उत्पादनको जिल्लागत अवस्था १४
तालिका ३.९: दूध उत्पादनको जिल्लागत अवस्था १५
तालिका ३.१०: मासुको जिल्लागत उत्पादन अवस्था १५
तालिका ३.११: कृषि कर्जाको जिल्लागत स्थिति १८
तालिका ४.१: औद्योगिक उत्पादन २१
तालिका ४.२: कुल औद्योगिक कर्जा र क्षेत्रगत हिस्सा २२
तालिका ४.३: कुल औद्योगिक कर्जामा जिल्लागत हिस्सा २२
तालिका ५.१ पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर २५
तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट २७
तालिका ५.३: निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपात (जिल्लागत) २९
तालिका ५.४: कुल सेवा कर्जाको जिल्लागत अवस्था ३१
तालिका ५.५: सहकारी सेवा ३२
तालिका ५.६ :यातायात सेवा ३२
तालिका ५.७: फण्ड ट्रान्सफर ३३
तालिका ५.८: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण ३३
तलिका ५.९: भारतीय मुद्रा खरिद बिक्री विवरण ३४
तालिका ५.१०: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण ३४
तालिका ६.१ : जिल्लागत रोजगारीको विवरण ३८
तालिका ६.२ : जिल्लागत वैदेशिक रोजगारी श्रम स्वीकृति लिनेको विवरण ३९
तालिका ७.१ : सरकारी खर्च स्थिति ४०
तालिका ७.२ : प्रादेशिक सरकारी राजश्व ४०
तालिका ७.३ : प्रादेशिक अनुदान तथा हस्तान्तरण ४१
तालिका ७.४: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत बजेट ४१
तालिका ७.५: छनौटमा परेका स्थानीय तहहरुको खर्च स्थिति ४२
तालिका ७.६: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत राजश्व ४२
तालिका ७.७ : छनौटमा परेका स्थानीय तहहरुको राजश्व ४२
तालिका ७.८: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण ४३
तालिका ७.९ : छनौटमा परेका स्थानीय तहहरुको अनुदान तथा हस्तान्तरण ४३

## चार्ट-सूची

**पेज नं.**


चार्ट २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा ५
चार्ट २.२: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ५
चार्ट २.३: प्रदेशगत जनसङ्ख्या वितरण ७
चार्ट २.४: प्रदेशगत जनसङ्ख्या वृद्धिदर ८
चार्ट ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र १०
चार्ट ३.२: खाद्य तथा अन्य बालीको उत्पादन १२
चार्ट ३.३: वनजन्य उत्पादन १६
चार्ट ३.४: सिञ्चित क्षेत्रफलको परिवर्तन १७
चार्ट ४.१: उद्योगको दर्ता सङ्ख्या १९
चार्ट ४.२: औद्योगिक क्षमता उपयोग २०
चार्ट ४.३: औद्योगिक कर्जा २१
चार्ट ५.१: अकुपेन्सी दर २६
चार्ट ५.२: बैंक तथा वित्तीय संस्थाका शाखा सङ्ख्या (जिल्लागत) २७
चार्ट ५.३: जिल्लागत मोबाईल, ईन्टरनेट र शाखारहित बैंकिङ्ग सेवाको जिल्लागत हिस्सा २८

## कार्यकारी सारांश

### समष्टिगत स्थिति

१. लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादनमा १४.२ प्रतिशत हिस्सा हुने अनुमान रहेको छ भने गत आर्थिक वर्षमा कुल ग्रार्हस्थ उत्पादनको १४.१ प्रतिशत हिस्सा रहेको थियो ।

२. आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धि २.०६ प्रतिशत रहने अनुमान रहेको छ भने गत आर्थिक वर्षमा ५.०३ प्रतिशत रहेको थियो ।

३. आर्थिक वर्ष २०७९/८० मा देशको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा यस प्रदेशको हिस्सा क्रमश: १७.५ प्रतिशत, १५.५ प्रतिशत र १२.६ प्रतिशत रहने अनुमान रहेको छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमश: २९.८ प्रतिशत, १४.७ प्रतिशत र ५५.५ प्रतिशत रहने अनुमान रहेको छ । यसैगरी, देशभित्र बैंक तथा वित्तीय संस्थाहरुबाट संकलित कुल निक्षेपमा ८.४१ प्रतिशत हिस्सा सहित यो प्रदेश निक्षेप संकलनमा दोस्रो ठूलो र कर्जा प्रवाहमा ११.२८ प्रतिशत हिस्सा सहित तेस्रो ठूलो प्रदेशको रुपमा रहेको छ ।

४. समीक्षा अवधिमा फलफूल तथा तरकारी उत्पादनमा वृद्धि हुनुको साथै भारत र तेस्रो मुलुकबाट पर्यटक आगमन तथा होटल व्यवसायहरुमा सामान्य सुधार भएको देखिन्छ ।

### कृषि क्षेत्र

५. समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ०.०८ प्रतिशतले ह्रास आएको छ । खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल मध्ये मकै, गहुँ, फापर, आलु, भटमास र तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने धान, कोदो, जौ, उखु र दलहनको क्षेत्रफलमा ह्रास आएको छ ।

६. समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा ७.१६ प्रतिशतले वृद्धि भएको छ । खाद्य तथा अन्य बालीको कुल उत्पादनमध्ये धान, मकै, जौ, आलु, भटमास र दलहन बालीको उत्पादनमा वृद्धि भएको छ भने गहुँ, फापर, कोदो र तेलहनको उत्पादनमा ह्रास आएको छ ।

७. समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ३.६३ प्रतिशत र उत्पादन ७.०९ प्रतिशतले वृद्धि भएको छ भने फलफूल बालीले ढाकेको क्षेत्रफल ४.६३ प्रतिशत र उत्पादन १८.१६ प्रतिशतले वृद्धि भएको छ । फलफूलले ढाकेको क्षेत्रफल मध्ये केरा, स्याउ र अन्य फलफूलले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने सुन्तला र आँपले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।

८. समीक्षा अवधिमा मसलाले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ६.०४ प्रतिशतले वृद्धि भएको छ भने उत्पादन १३.०३ प्रतिशतले वृद्धि भएको छ ।

९. समीक्षा अवधिमा यस प्रदेशमा पशुपन्छी उत्पादन मध्ये दूध उत्पादन ८.२८ प्रतिशत, मासु ११.६५ प्रतिशत र माछा उत्पादन ६.०५ प्रतिशतले ह्रास आएको छ ।

१०. समीक्षा अवधिमा वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन १९.५८ प्रतिशत, दाउरा उत्पादन २१.६९ प्रतिशतले, औषधीजन्य वस्तु उत्पादन १.२१ प्रतिशतले ह्रास आएको छ भने अन्य उत्पादन १२२.५९ प्रतिशतले वृद्धि भएको छ ।

११. समीक्षा अवधिमा कुल खेती गरिएको क्षेत्रफलको ३७.४७ प्रतिशत हिस्सा सिँचित भएको छ । सिँचित क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ०.४२ प्रतिशतले वृद्धि भई २ लाख ५ हजार ३ सय ३४.५ हेक्टर पुगेको छ ।

१२. समीक्षा अवधिमा कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा ११.९८ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब ७६ करोड ८३ लाख पुगेको छ भने कुल कर्जामा कृषि कर्जाको हिस्सा ९.६२ प्रतिशत रहेको छ ।

## उद्योग क्षेत्र

१३. समीक्षा अवधिमा यस प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४२.३३ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा यस्ता उद्योगहरुको औसत क्षमता उपयोग ४९.२२ प्रतिशत रहेको थियो । विशेष गरी, ड्राई सिरप, बिजुलीका तार तथा केबुल, कंक्रीट, चामल, पेय पदार्थ, जि.आई पाईप, औषधिजन्य उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा कमी आएकाले गत वर्षको सोही अवधिको तुलनामा समग्र उद्योगको औषत क्षमता उपयोगमा केही ह्रास आएको छ ।

१४. समीक्षा अवधिमा रोजिन उत्पादन ३०.६६ प्रतिशतले, कागज उत्पादन ३०.५९ प्रतिशतले र Liquid उत्पादन ८.१८ प्रतिशतल वृद्धि भएतापनि आल्मुनियम उत्पादन ६५.४७ प्रतिशत, चामल उत्पादन ५८.७९ प्रतिशत, सिमेन्ट उत्पादन ५४.०९ प्रतिशत कंक्रीट उत्पादन ५२.०९ प्रतिशत, बिजुलीका तार र केबुल ४८.६४ प्रतिशत, गहुँको पिठो ३६.६६ प्रतिशत, Tablet उत्पादन २९.३९ प्रतिशत, चाउचाउको उत्पादन १६.५९ प्रतिशत, Dry Syrup उत्पादन १९.४९ प्रतिशत, मदिरा उत्पादन १०.९५ प्रतिशत, Capsule उत्पादन १०.३३ प्रतिशत र Ointment उत्पादन ९.८८ प्रतिशतले ह्रास आएको छ ।

१५. समीक्षा अवधिमा औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ६.०९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २६ अर्ब ३ करोड ८१ लाख पुगेको छ भने कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २२.९१ प्रतिशत रहेको छ ।

## सेवा क्षेत्र

१६. यस प्रदेशमा कोभिड-१९ को असहज परिस्थितिका कारण मारमा परेको पर्यटन क्षेत्र क्रमिक रुपमा सुधारोन्मुख रहेको छ भने होटलहरुको निर्माण कार्य बढेसँगै शैया सङ्ख्याको वृद्धि तथा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएकाले पर्यटकहरुको आवागमनको अवस्था पनि विगतका वर्षहरुको तुलनामा सुधार हुदै गएको देखिन्छ ।

१७. समीक्षा अवधिमा नमूना छनौटमा समेटिएका होटलहरुको शैया सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १५.७३ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, कोठा/शैया बिक्री सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ६.६१ प्रतिशतले वृद्धि भएको छ भने होटल शैया सङ्ख्यामा भएको वृद्धिको कारण अकुपेन्सी दर गत वर्षको सोही अवधिको तुलनामा ७.८८ प्रतिशतले ह्रास भएको देखिन्छ भने रोजगारी २०.८१ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

१८. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ३७.६२ प्रतिशतले ह्रास आई घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजश्व समेत गत वर्षको सोही अवधिको तुलनामा ८४.०७ प्रतिशतले न्यून भएको छ ।

१९. २०७९ पुस मसान्तसम्म यस प्रदेशमा क वर्गको ७४९, ख वर्गको २५७, ग वर्गको ४६ र घ वर्गको ११६७ गरी जम्मा २२१९ वटा बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्चालनमा रहेका छन् । यस प्रदेशमा वाणिज्य बैंकहरुले २५४ वटा शाखा रहित बैंकिङ्ग सेवा उपलब्ध गराएका छन् ।

२०. २०७९ पुस मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुमा ४४ लाख ७१ हजार ३ सय २ मोबाईल बैंकिङ्ग सेवा र २ लाख ६५ हजार ४ सय २ ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता भएको छन् ।

२१. समीक्षा अवधिमा यस प्रदेशमा कुल निक्षेप १.१६ प्रतिशत र कर्जा प्रवाह ०.३५ प्रतिशतले वृद्धि भएको छ भने कर्जा/निक्षेप अनुपात १२७.२४ प्रतिशत रहेको छ । प्रवाहित कुल कर्जामा विपन्न वर्ग कर्जाको ७.३१ प्रतिशत र सहुलियतपूर्ण कर्जाको ५.६ प्रतिशत हिस्सा रहेको छ ।

२२. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा कर्जा गत वर्षको सोही अवधिको तुलनामा ८.१२ प्रतिशतले वृद्धि भएको छ भने कुल कर्जामा सेवा क्षेत्र कर्जाको ३७.०७ प्रतिशत हिस्सा रहेको छ ।

२३. समीक्षा वर्षमा यस प्रदेशमा कुल सवारी साधन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १०.५२ प्रतिशतले वृद्धि भएको छ ।

२४. समीक्षा अवधिमा नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी ६.६९ प्रतिशत, बचत परिचालन ०.८३ प्रतिशत, कुल ऋण प्रवाह १.८५ प्रतिशतले र सदस्य सङ्ख्या ७.७३ प्रतिशतले वृद्धि भएको छ ।

२५. समीक्षा अवधिमा परिवर्त्य विदेशी मुद्रा खरिदमा वृद्धि भएको छ भने भारतीय मुद्रा बिक्री गत वर्षको सोही अवधिको तुलनामा ८०.४५ प्रतिशतले ह्रास भएको छ ।

## पूर्वाधार क्षेत्र

२६. राष्ट्रिय गौरवका आयोजना अन्तर्गत लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा निर्माण भइरहेको बबई सिँचाइ आयोजनामा आर्थिक वर्ष २०७९/८० को विनियोजन बजेट रु. १ अर्व ५२ करोड ८४ लाख मध्ये २०७९ पुस मसान्तसम्म ४८ करोड १६ लाख खर्च भएको छ ।

२७. बाँके जिल्लामा अवस्थित सिक्टा सिँचाइ आयोजनामा चालु आर्थिक वर्ष २०७९/८० मा रु.१ अर्ब ८८ करोड ६८ लाख बजेट विनियोजन भएकोमा २०७९ पुस मसान्तसम्म रु. ३७ करोड २० लाख खर्च भएको छ ।

२८. बुटवल-पाल्पा सडक खण्डमा निर्माण हुन लागेको सिद्धबाबा सुरुङ मार्ग मिति २०७८/११/२५ मा ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ ।

२९. गुल्मी जिल्लामा रेसुङ्गा विमानस्थल तथा रुपन्देही जिल्लामा लुम्बिनी केवलकारको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएका छन् भने अर्घाखाँची जिल्लामा अर्घा–भगवती विमानस्थल, रुपन्देही जिल्लामा मोतीपुर औद्योगिक क्षेत्र, तिनाउ दानव कोरिडोर सडक, सिद्धार्थ केवलकार र बाँके जिल्लामा नौबस्ता औद्योगिक क्षेत्रको निर्माण कार्य अगाडि बढिरहेको छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले देशको बैकिङ्ग तथा वित्तीय क्षेत्रको नियमनकारी निकाय, नेपाल सरकारको आर्थिक सल्लाहकार एवम् देशको आन्तरिक तथा वाह्य क्षेत्र व्यवस्थापन गर्ने भूमिकामा रहेर मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा तथा कार्यान्वयन मार्फत समष्टिगत आर्थिक व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएका उद्देश्यहरु हासिल गर्ने क्रममा देशको आर्थिक नीति निर्माण गर्न सहयोग पुग्ने गरी नियमित रुपमा गर्ने प्रकाशनहरुमध्ये आर्थिक गतिविधि सम्बन्धी अध्ययन एवम् प्रतिवेदन तयार गरी प्रकाशन गर्दै आएको छ । यस्तो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन वार्षिक (साउनदेखि असार मसान्त) र अर्ध-वार्षिक (साउनदेखि पुस मसान्त) सम्म गरी एक आर्थिक वर्षमा २ पटक प्रकाशन गर्दै आएको छ । यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७९/८० साउनदेखि पुस मसान्तसम्मको (अर्ध-वार्षिक) तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरेको छ ।

विगतमा लुम्बिनी प्रदेशका केही जिल्लाहरुबाट मात्रै तथ्याङ्क संकलन गरी नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले अध्ययन प्रतिवेदन प्रकाशन गर्ने गरिएकोमा हाल यस प्रदेशका १२ वटा जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन प्रकाशन गर्ने गरिएको छ । लुम्बिनी प्रदेशको आर्थिक गतिविधि अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सूचनाहरु नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान र रोल्पा गरी ८ वटा जिल्लाहरुबाट र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको कार्यक्षेत्र अन्तर्गतका बाँके, बर्दिया, दाङ र रुकुमपूर्व गरी ४ जिल्लाहरुबाट संकलन गरी प्रतिवेदन तयार गर्ने गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्यनका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- लुम्बिनी प्रदेशको प्रादेशिक संरचना अनुसारको आर्थिक गतिविधि अध्ययन/विश्लेषण गरी सोको प्रतिवेदन तयार गर्ने ।
- आर्थिक वर्ष २०७९/८० को साउन देखि पुस मसान्तसम्ममा लुम्बिनी प्रदेशको कृषि, उद्योग, सेवा, पुर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको वस्तुस्थिति र यसमा भईरहेको परिवर्तनको अध्ययन तथा विश्लेषण गर्ने ।
- लुम्बिनी प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको आगामी अवधिको आर्थिक परिदृष्य पहिचान तथा विश्लेषण गर्ने ।
- लुम्बिनी प्रदेशको अर्थतन्त्रका प्रादेशिक संम्भावना तथा चुनौतीहरु पहिचान तथा विश्लेषण गर्ने ।

## १.३ अध्ययन विधि

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० को साउन देखि पुस मसान्तसम्ममा लुम्बिनी प्रदेशमा भएका प्रमुख आर्थिक गतिविधिहरुको विश्लेषण गरी यस प्रदेशको आर्थिक स्थिति विश्लेषण गरिएको छ । मुख्यगरी कृषि, उद्योग, सेवा, पुर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको स्थिति र सोमा भएको परिवर्तन लगायत राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको हिस्सा एवं आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ । समग्रमा देहाय बमोजिमको अध्ययन विधि यस प्रतिवेदनले अंगालेको छ ।

- नेपाल राष्ट्र बैंकबाट जारी भएको “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन,२०७६ (प्रथम संशोधन, २०७९)” अनुसार यस प्रदेशका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु, निर्देशनालयहरुका साथै जिल्ला स्थित तोकिएका कार्यालयहरु, निजी उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर-स्थलगत माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको छ ।

- संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु, जिल्ला वन कार्यालयहरुबाट कृषि, वन र पशुपालन लगायतका तथ्याङ्क सङ्कलन गरिएको छ ।
- नमूना छनौटमा परेका उद्योगहरुमध्ये रुपन्देहीबाट १२, नवलपरासी पश्चिमबाट २, दाङबाट २, बाँकेबाट ९ र बर्दियाबाट २ गरी जम्मा २७ वटा उद्योगहरुबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट उद्योग सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ ।
- खाद्य तथा अन्य बाली अन्तर्गतका धान, गहुँ, मकै, कोदो, जौं र फापरले ढाकेको क्षेत्रफल र उत्पादन, कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा सङ्ख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन सङ्ख्या र सो वापतको राजस्व रकमसँग सम्बन्धित तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, काठमाण्डौंबाट प्राप्त गरिएको छ ।
- नमुना छनौटमा परेका १० वटा पर्यटक स्तरीय होटलहरुको स्थलगत सर्वेक्षण, अध्यागमन कार्यालयहरु, गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल, होटल व्यवसायी संघ प्रदेश कार्यालयबाट पर्यटनसँग सम्बन्धित तथ्याङ्क संकलन गरिएको छ ।
- सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका १३ वटा वचत तथा ऋण सहकारी संस्थाहरुको नमूना छनौट गरी विवरण संकलन गरिएको छ ।
- मनिचेञ्जर तथा विदेशी मुद्रा सटही, फण्ड ट्रान्सफर, परिवर्त्य विदेशी मुद्रा खरिद तथा भारतीय मुद्रा खरिद बिक्री सम्बन्धी विवरण नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयबाट लिइएको छ ।
- प्रादेशिक सरकारी वित्त सम्बन्धी विवरण प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र वैदेशिक व्यापार सम्बन्धी विवरण सम्बन्धित जिल्लाका भन्सार कार्यालयहरुबाट प्राप्त गरिएको छ ।
- प्रदेश सरकारको कार्यक्रम तथा परियोजना, स्थानीय तहको कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयन सम्बन्धी विवरण लुम्बिनी प्रदेश अर्थ तथा सहकारी मन्त्रालय तथा छनौटमा परेका ५ वटा स्थानीय तहहरुबाट लिइएको छ ।
- लुम्बिनी प्रदेशमा पूर्वाधारसँग सम्बन्धित स्थापित एवम् हालसालै घोषणा गरिएका राष्ट्रिय गौरवका आयोजना, निजी क्षेत्रका आयोजना तथा केन्द्रीयस्तरका आयोजनाहरु मध्ये नमूना छनौटमा परेका ५ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतिहरु सम्बन्धी तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदनमा समेटिएको छ ।
- कार्यक्षेत्र भित्र रहेका जिल्लाहरुबाट अवलोकन भ्रमणको आधारमा र इमेल, फ्याक्स, वेवसाईट तथा टेलिफोन लगायतका विद्युतीय माध्यमको प्रयोग गरी तथ्याङ्क तथा सूचना संकलन गरिएको छ ।
- स्थलगत सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्याङ्क र विभिन्न स्रोतबाट प्राप्त द्वितीय तथ्याङ्कहरुको प्रस्तुतीकरण तथा विश्लेषण प्रकृतिको आधारमा Statistical Tools र आवश्यक चार्ट तथा डायग्राम प्रयोग गरिएको छ । प्रतिवेदनमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

यो अध्ययन “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)” ले तोकेको तथ्याङ्क प्रदायक निकायहरुबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ । देश प्रादेशिक संरचनामा गए पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको समेत पुनरसंरचना भएकोले तथ्याङ्क सँगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पनि निरन्तर रहेकाले पूर्ण एवं अध्यावधिक तथ्याङ्क प्राप्त गर्न अझै कठिनाई रहेको छ । मुख्यतः देहायको सीमाभित्र रहेर यो प्रतिवेदन तयार गरिएको छ ।

- छानिएका उद्योगहरुबाट मात्र प्राप्त तथ्याङ्क एवं सूचनाहरुको आधारमा उद्योग क्षेत्रको प्रतिनिधित्व गर्दै सो को विश्लेषण गरिएको छ ।

- अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा स्थलगत र गैर स्थलगत दुबै तरिकाबाट तथ्याङ्क संकलन गरिएको छ ।
- लुम्बिनी प्रदेशका ३६ वटा स्थानीय तहहरु (उप महानगरपालिका/नगरपालिका ) बाट घरनक्सा पास तथा ५ ठुला स्थानीय तहको वित्तस्थिति बाहेक अन्य स्थानीय तहको तथ्याङ्क संकलन गर्न नसकिएको ।
- सेवा क्षेत्र अन्तर्गतविशेषगरी पर्यटन क्षेत्रको तथ्याङ्क दिने निकायहरु एक भन्दा बढी भएको, प्रत्येक निकायहरुले उपलब्ध गराउने तथ्याङ्कमा भिन्नता देखिएको तथा तथ्याङ्कमा दोहोरोपन देखिएको कारण छनौटमा परेका निकायहरुबाट प्राप्त तथ्याङ्क तथा विवरणहरुलाई आधिकारिक मानिएको छ ।
- पर्यटन क्षेत्रको अकुपेन्सीदर तथा रोजगारी र सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न १० वटा पर्यटक स्तरीय होटल र १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरु मात्र छनौट गरिएको छ र यसैको आधारमा यी क्षेत्रको विश्लेषण गरिएको छ ।
- विभिन्न निकायहरुले प्रदान गरेका तथ्याङ्कहरुमा नियमित अद्यावधिक र समयमा नै तथ्याङ्क उपलब्ध नगराउने समस्या यथावत रहेको देखिएको छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन प्रतिवेदन “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ ( प्रथम संशोधोन, २०७९ )” ले तोकेको ढाँचा बमोजिम तयार गरिएको छ । यस अध्ययनलाई ८ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययन परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी, परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ८ मा आर्थिक परिदृष्यसँग सम्बन्धित तथ्याङ्क, सूचना र विश्लेषण प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

यस परिच्छेदमा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर र प्रदेशगत बिवरण समावेश गरिएको छ । त्यसैगरी, यस प्रदेशको भूभाग र जनसङ्ख्या, कुल ग्राहस्थ उत्पादनको क्षेत्रगत स्थिति, अन्तर प्रदेश तुलना र प्रादेशिक क्षमता, संभावना तथा चुनौती पनि यस परिच्छेदमा समावेश गरिएको छ ।

## २.१ लुम्बिनी प्रदेशको भूभाग र जनसङ्ख्या

२२ हजार २ सय ८८ वर्ग कि.मी. क्षेत्रफल रहेको यस प्रदेशले नेपालको कुल क्षेत्रफलको १५.१ प्रतिशत भूभाग ओगटेको छ । ६ वटा पहाडी र ६ वटा तराईको जिल्लाहरु मिलेर बनेको लुम्बिनी प्रदेशमा रुपन्देही, कपिलवस्तु, बर्दिया, बाँके, दाङ, रुकुम पूर्व, रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची, पाल्पा र नवलपरासी पश्चिम गरी १२ वटा जिल्लाहरु रहेका छन् । यस प्रदेशमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १ सय ९ वटा स्थानीय तहहरु छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार करीब ५४ प्रतिशत भूभाग तराई क्षेत्रमा पर्ने यस प्रदेशको पूर्वमा गण्डकी प्रदेश, उत्तरमा गण्डकी र कर्णाली प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेशसँग सीमाना जोडिएको छ भने दक्षिणमा भारतसँग सीमाना जोडिएको छ । यो प्रदेशमा समथर जमीनदेखि सात हजार मिटरसम्म उचाई भएको हिमाल रहेका छन् भने मुख्य वित्तीय तथा व्यापारिक केन्द्रहरुमा बुटबल, भैरहवा, नेपालगंज, दाङ आदि रहेका छन् ।


राष्ट्रिय जनगणना २०७८, अनुसार लुम्बिनी प्रदेशको जनसङ्ख्यामा पुरुष २४,५४,४०८ जना र महिला २६,६७,६७० जना गरी कुल जनसङ्ख्या ५१,२२,०७८ रहेको छ भने लैगिंक अनुपात ९२.०१ प्रतिशत रहेको छ । विगत दश वर्षमा यस प्रदेशको जनसङ्ख्या वार्षिक १.२४ प्रतिशतले वृद्धि भएको छ । नेपालको कुल जनसङ्ख्यामा यस प्रदेशको हिस्सा १७.६ प्रतिशत रहेको छ । हाल यस प्रदेशको जनघनत्व २३० जना प्रतिवर्ग कि.मि.रहेको छ भने राष्ट्रिय जनगणना २०६८ मा २०२ जना प्रति वर्ग कि.मि. रहेको थियो । त्यस्तै प्रति परिवार औसत सदस्य सङ्ख्या ४.४९ जना रहेको छ भने २०६८ को जनगणनामा प्रति परिवार सदस्य औसत सङ्ख्या ५.०८ जना रहेको थियो ।

## २.२ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको  विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन  उपभोक्ताको मूल्यमा करिव  रु.७ खर्ब ६२ अर्ब रहने अनुमान छ, भने गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादन रु. ६ खर्ब ९७ अर्व रहेको थियो । आर्थिक वर्ष २०७९/८० मा लुम्बिनी प्रदेशको आर्थिक वृद्धि २.०६ प्रतिशत पुग्ने अनुमान रहेको छ भने गत आर्थिक वर्ष यस्तो वृद्धिदर ५.०३ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७९/८० मा मुलुकको समग्र गार्हस्थ्य उत्पादनमा यस प्रदेशको १४ प्रतिशत योगदान रहने अनुमान रहेको छ ।

मुलुकको कुल कृषि, उद्योग र सेवा क्षेत्रमा यस प्रदेशको हिस्सा क्रमशः १७.५ प्रतिशत, १५.५ प्रतिशत र १२.६ प्रतिशत रहने अनुमान रहेको छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.१ प्रतिशत, १३.५ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान रहेको छ भने यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २९.८ प्रतिशत, उद्योग क्षेत्रको १४.७ प्रतिशत र सेवा क्षेत्रको ५५.५ प्रतिशत योगदान रहने अनुमान रहेको छ ।

कार्यालयका अनुसार औद्योगिक वर्गीकरणका आधारमा प्रादेशिक अर्थतन्त्रमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी २९.८ प्रतिशत रहेको छ । त्यसैगरी, थोक तथा खुद्रा व्यापार क्षेत्रको हिस्सा ११ प्रतिशत, शिक्षा क्षेत्रको हिस्सा १०.२ प्रतिशत, सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको हिस्सा ९.७ प्रतिशत, निमार्ण क्षेत्र (Construction) ६.८ प्रतिशत, उद्योग क्षेत्र (Manufacturing) को हिस्सा ६ प्रतिशत रहने अनुमान छ ***(चार्ट २.१) ।***





*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.३ अन्तरप्रदेश तुलना

### कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु.५३ खर्ब ८१ अर्ब रहने अनुमान रहेको छ । मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.१ प्रतिशत रहने अनुमान रहेको छ भने लुम्बिनी प्रदेशको १४.२ प्रतिशत हिस्सा सहित तेस्रो ठुलो योगदान गर्ने प्रदेश रहने अनुमान रहेको छ । यसैगरी, कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको १५.८ प्रतिशत, मधेश प्रदेशको १३.१ प्रतिशत, गण्डकी प्रदेशको ९ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ७ प्रतिशत हिस्सा रहने अनुमान रहेको छ ***(चार्ट २.२)***।




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## प्रदेशगत आर्थिक वृद्धि दर

आर्थिक वर्ष २०७९/८० को प्रदेशगत रुपमा आर्थिक वृद्धिदर तुलना गर्दा लुम्बिनी प्रदेशको २.०६ प्रतिशत, सबैभन्दा धेरै गण्डकी प्रदेशको ३.२६ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको प्रदेशको १.४४ प्रतिशत रहने अनुमान छ। यसैगरी, कोशी प्रदेशको २ प्रतिशत, मधेश प्रदेशको १.६९ प्रतिशत, कर्णाली प्रदेशको १.९१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको १.७८ प्रतिशत रहने अनुमान छ। अघिल्लो वर्षको सोही अवधिमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.३५ प्रतिशत रहेको थियो भने मधेश प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम ४.६३ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा नेपालको आर्थिक वृद्धिदर १.८६ प्रतिशत पुग्ने अनुमान रहेको छ भने गत आर्थिक वर्ष नेपालको आर्थिक वृद्धिदर ५.६१ प्रतिशत रहेको थियो ***(तालिका २.१)***।

**तालिका २.१: प्रदेशगत आर्थिक वृद्धि (प्रतिशतमा)**

| प्रदेश | २०७८/७९(संशोधित अनुमान) | २०७९/८०(प्रारम्भिक अनुमान) |
|---|---|---|
| कोशी | ५.४७ | २.० |
| मधेश | ४.६३ | १.६९ |
| बागमती | ६.३० | १.४४ |
| गण्डकी | ६.३५ | ३.२६ |
| **लुम्बिनी** | **५.०३** | **२.०६** |
| कर्णाली | ५.३२ | १.९१ |
| सुदूरपश्चिम | ४.७८ | १.७८ |
| **नेपाल** | **५.६१** | **१.८६** |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## कृषि, उद्योग तथा सेवाको स्थिति

लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७९/८० मा कृषि क्षेत्रको समग्र उत्पादनमा प्रदेशगत योगदान १७.५ प्रतिशत, सबैभन्दा धेरै कोशी प्रदेशको २१.७ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको ५.३ प्रतिशत हुने अनुमान छ। औद्योगिक क्षेत्रको उत्पादनमा यस प्रदेशको योगदान १५.५ प्रतिशत, बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३१.३ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ३.१ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, सेवा क्षेत्रको उत्पादनमा यस प्रदेशको योगदान १२.६ प्रतिशत, बागमती प्रदेशको योगदान सबैभन्दा बढी ४५.६ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ३.८ प्रतिशत रहने अनुमान छ ***(तालिका २.२)***।

**तालिका २.२: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व.२०७९/८०)**


| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ८४९.६ | ७०७.५ | १९८१.३ | ४८२.० | **७६२.९** | २२१.५ | ३७६.३ | ५३८१.१ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.७ | १९.१ | १७.१ | ९.६ | **१७.५** | ५.३ | ९.७ | १००.० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २०.० | ११.१ | ३१.३ | १२.० | **१५.५** | ३.१ | ७.० | १००.० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १३.० | ११.१ | ४५.६ | ८.० | **१२.६** | ३.८ | ५.९ | १००.० |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## जनसङ्ख्या वितरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार मुलुकको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ । जसमा लुम्बिनी प्रदेशको जनसङ्ख्या कुल ५१ लाख २२ हजार ७८ जना रहेको छ । प्रदेशगत रुपमा जनसङ्ख्याको वितरण हेर्दा कुल जनसङ्ख्यामा सबैभन्दा धेरै मधेश र बागमती प्रदेशको २१ प्रतिशत हिस्सा रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.८ प्रतिशत रहेको छ। यसैगरी, लुम्बिनी प्रदेशको हिस्सा १७.६ प्रतिशत, कोशी प्रदेशको १७ प्रतिशत, सुदूरपश्चिम प्रदेशको ९.२ प्रतिशत र गण्डकी प्रदेशको ८.५ प्रतिशत हिस्सा रहेको छ ***(चार्ट:२.३)***।


**चार्ट २.३ : प्रदेशगत जनसँख्या बितरण (प्रतिशत)**




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## जनसङ्ख्या वृद्धिदर

गत १० वर्षको अवधिमा मुलुकमा १०.०८ प्रतिशतले जनसङ्ख्या वृद्धि भएको देखिन्छ। विगत दश वर्षको सरदर वार्षिक वृद्धिदर (Exponential Growth) ०.९२ प्रतिशत रहेको देखिन्छ । प्रदेशगत रुपमा हेर्दा २०६८ देखि २०७८ को एक दशकमा वार्षिक जनसँख्या वृद्धिदर सबै भन्दा धेरै लुम्बिनी प्रदेशमा १.२४ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा ०.२५ प्रतिशतले जनसङ्ख्या वृद्धि भएको छ। यसैगरी, मधेश प्रदेशमा १.१९ प्रतिशत, बागमती प्रदेशमा ०.९७ प्रतिशत, कोशी प्रदेशमा ०.८६ प्रतिशत, कर्णाली प्रदेशमा ०.७० प्रतिशत र सुदूरपश्चिममा ०.५२ प्रतिशतले जनसङ्ख्या वृद्धि भएको छ ***(चार्ट: २.४)***।




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

### लैङ्गिक अनुपात र जनघनत्व

राष्ट्रिय जनगणना, २०७८ अनुसार सात वटा प्रदेशहरुमध्ये सबै भन्दा धेरै मधेश प्रदेशको को १००.५५ र सबै भन्दा कम सुदूरपश्चिम प्रदेशको ८९.५१ लैङ्गिक अनुपात *(प्रति १०० महिलामा पुरुषको सङ्ख्या)* रहेको छ भने लुम्बिनी प्रदेशमा यो अनुपात ९२.०१ रहेको छ । यसै गरी प्रदेशगत जनघनत्व विश्लेषण गर्दा सबै भन्दा धेरै मधेश प्रदेशमा ६३३ र सबै भन्दा कम कर्णाली प्रदेशमा ६० जना प्रति वर्ग कि.मी. मा बसोबास गरेको देखिन्छ भने लुम्बिनी प्रदेशमा २३० जना प्रति वर्ग कि.मी. मा बसोबास गरेको देखिन्छ ***(तालिका :२.३)***।

**तालिका २.३: लैङ्गिक अनुपात र जनघनत्वको प्रदेशगत अवस्था**

| विवरण | लैङ्गिक अनुपात | जनघनत्व |
|---|---|---|
| कोशी | ९५.०२ | १९२ |
| मधेश प्रदेश | १००.५५ | ६३३ |
| बागमती प्रदेश | ९९.३६ | ३०१ |
| गण्डकी प्रदेश | ९०.३७ | ११५ |
| **लुम्बिनी प्रदेश** | **९२.०१** | **२३०** |
| कर्णाली प्रदेश | ९५.२७ | ६० |
| सुदूरपश्चिम प्रदेश | ८९.५१ | १३८ |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### प्रादेशिक क्षमता र सम्भावना

- रुपन्देहीमा सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, गुल्मीको रेसुङ्गा विमानस्थल लुम्बिनी केवलकार पूर्ण क्षमतामा सञ्चालन हुनसकेमा आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा वृद्धि हुने सम्भावना रहेको ।
- भौगोलिक विविधतायुक्त यस प्रदेशको कृषि क्षेत्रमा प्रविधिको विकास, विविधिकरण, यान्त्रिकरण तथा व्यावसायिकरणद्वारा युवाहरुलाई आकर्षित गरी कृषि उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको ।

- लुम्बिनी प्रदेशमा पछिल्लो समयमा व्यवसायिक रुपमा अकबरे खुर्सानी, अम्रिसो खेती, पशुपन्छी पालन, माछापालन तथा मौरीपालनमा कृषकहरुको आकर्षण बढ्दै गइरहेकोले कृषि व्यवसायको प्रचुर सम्भावना रहेको ।
- औद्योगिक हबको रुपमा रहेको यस प्रदेश अन्तर्गत रुपन्देहीको मोतिपुर, बाँकेको नौवस्ता र दाङको लक्ष्मीपुरमा औद्योगिक क्षेत्रहरु सम्पन्न भएपश्चात् रोजगारी तथा औद्योगिक उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापन हुने सम्भावना रहेको ।
- विद्युतीय सवारीसाधनहरुको लागि आवश्यक Charging Station/ Service Station हरुको स्थापना भएमा विद्युतीय सवारीसाधनहरुको सङ्ख्यामा वृद्धि भई पेट्रोलियम पदार्थको आयात कम हुने सम्भावना रहेको ।
- यस प्रदेशमा रहेका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरुको प्रचारप्रसार गर्दै पर्यटन सर्किटको रुपमा जोड्न सके पर्यटन क्षेत्रको उच्च सम्भावना रहेको ।
- यस प्रदेशमा पछिल्लो समयमा बिस्तार भएको पूर्वाधार, सहज वित्तीय पहुँच, लगानीको राम्रो वातावरण लगायतका कारण समग्रमा कृषि, उद्योग, निर्माण तथा पर्यटन क्षेत्रको उच्च सम्भावना रहेको ।

### प्रादेशिक चुनौती

- बौद्ध धर्मावलम्बीहरुको गन्तव्यस्थलको रुपमा रहेको लुम्बिनीमा आउने पर्यटहरुको सङ्ख्यामा वृद्धि गर्न तथा बसाइ अवधि लम्ब्याउने कार्य ।
- भारतसँगको खुला सिमाना तथा भारतवाट आयातित कृषिजन्य बस्तुसँग यहाँका कृषि उपजलाई प्रतिष्पर्धी बनाउने ।
- प्रदेशका युवा जनशक्तिहरुमा प्राविधिक ज्ञान/सीप बिकास गरी बजारमा हुने श्रमको माग र आपूर्तिको सन्तुलन मिलाउने ।
- रुपन्देही जिल्लाको बेलहिया नाका नजिक रहेको भैरहवा विशेष आर्थिक क्षेत्र (SEZ) मा ७ वटा मात्र उद्योगहरु सञ्चालनमा रहेकोले उक्त क्षेत्रमा थप उद्योगहरु स्थापना गरी पूर्ण क्षमतामा लैजाने कार्य ।
- कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्न तिनै तहका सरकारहरुबाट प्रदान गरिएका अनुदान तथा सहुलियतदरका कृषि कर्जा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा वास्तविक लक्षित वर्गसम्म पुऱ्याउने कार्य ।
- यस प्रदेशमा निर्माणाधीन अर्घा-भगवती विमानस्थल, सिद्धबाबा सुरुङ्ग मार्ग, सिद्धार्थ केवलकार, सिँचाइ आयोजनाहरु, औद्योगिक क्षेत्र र भेरी बबई डाईभर्सन लगायतका आयोजनाहरु तोकेको समय अवधिमा निर्माण सम्पन्न गर्ने कार्य ।
- यस प्रदेशमा उत्पादन हुने कृषिउपज, औद्यौगिक बस्तुहरुको भारतीय बस्तुहरुसगँ प्रतिस्पर्धी बनाउने कार्य ।
- यस प्रदेशमा बढ्दै गएको औद्योगिकरण, शहरीकरणका कारण प्रदूषण नियन्त्रण गर्न तथा उत्पादित फोहरमैला व्यवस्थापन गर्ने कार्य ।


# परिच्छेद ३

# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### खाद्य तथा अन्य बाली

लुम्बिनी प्रदेशमा समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ०.०८ प्रतिशतले ह्रास भई ८ लाख ३ हजार ६६ हेक्टर कायम भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.९५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल मध्ये मकै, गहुँ, फापर, आलु, भटमास र तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने धान, कोदो, जौ, उखु र दलहनको क्षेत्रफलमा ह्रास आएको छ ***(चार्ट ३.१)*** ।




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

यस प्रदेशमा खाद्य तथा अन्न बालीले ढाकेको क्षेत्रफलको जिल्लागत विश्लेषण गर्दा समीक्षा अवधिमा खाद्य तथा अन्न बालीले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी दाङको १५.४९ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्वको २.४९ प्रतिशत हिस्सा रहेको छ भने बर्दियाको १४.१६ प्रतिशत, कपिलवस्तुको १४.०६ प्रतिशत, रुपन्देहीको १३.७७ प्रतिशत, बाँकेको १०.७८ प्रतिशत, नवलपरासीको ५.९३ प्रतिशत, गुल्मीको ५.७५ प्रतिशत, पाल्पाको ५.५१ प्रतिशत, अर्घाखाँचीको ४.५० प्रतिशत, प्यूठानको ३.८४ प्रतिशत, र रोल्पाको ३.७१ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.१)*** ।

**तालिका ३.१: खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा)**

| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
|---|---|---|---|---|---|
| रुकुम पूर्व | २.४९ | अर्घाखाँची | ४.५० | कपिलबस्तु | १४.०६ |
| रोल्पा | ३.७१ | पाल्पा | ५.५१ | दाङ | १५.४९ |
| प्युठान | ३.८४ | नवलपरासी | ५.९३ | बाँके | १०.७८ |
| गुल्मी | ५.७५ | रुपन्देही | १३.७७ | बर्दिया | १४.१६ |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### तरकारी बाली

समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ३.६३ प्रतिशतले वृद्धि भई ४७ हजार ९ सय ५८ हेक्टर पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ३.५६ प्रतिशतले घटेको

थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा तरकारी बालीले ढाकेको कुल भू-क्षेत्रफलमा रुपन्देहीको सबैभन्दा धेरै ३८.८५ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्वको १.२४ प्रतिशत हिस्सा रहेको छ भने बाँकेको १२.९७ प्रतिशत, बर्दियाको १२.७६ प्रतिशत, दाङको १२.२० प्रतिशत, नवलपरासीको ४.४६ प्रतिशत, कपिलवस्तुको ३.९९ प्रतिशत, रोल्पाको ३.२७ प्रतिशत, अर्घाखाँचीको ३.२३ प्रतिशत, प्यूठानको २.६४ प्रतिशत, पाल्पाको २.२० प्रतिशत र गुल्मीको २.१९ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.२)***।

**तालिका ३.२: तरकारी बालीले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा)**

| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
|---|---|---|---|---|---|
| रुकुम पूर्व | १.२४ | अर्घाखाँची | ३.२३ | कपिलबस्तु | ३.९९ |
| रोल्पा | ३.२७ | पाल्पा | २.२० | दाङ | १२.२० |
| प्युठान | २.६४ | नवलपरासी | ४.४६ | बाँके | १२.९७ |
| गुल्मी | २.१९ | रुपन्देही | ३८.८५ | बर्दिया | १२.७६ |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### फलफूल

समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ४.६३ प्रतिशतले वृद्धि भई १७ हजार ३ सय ५५ हेक्टर पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १९.५९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल मध्ये केरा, स्याउ र अन्य फलफूलले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने सुन्तला र आँपले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा फलफूलले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी नवलपरासीको २३.५२ प्रतिशत र सबैभन्दा कम अर्घाखाँचीको ४.४९ प्रतिशत हिस्सा रहेको छ भने बर्दियाको ११.६४ प्रतिशत, बाँकेको ९.५१ प्रतिशत, रुपन्देहीको ८.९२ प्रतिशत, प्यूठानको ७.५५ प्रतिशत, रुकुमपूर्वको ७.३५ प्रतिशत, रोल्पाको ७.०४ प्रतिशत, पाल्पाको ६.९५ प्रतिशत, गुल्मीको ६.८६ प्रतिशत र दाङको ६.१७ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.३)***।

**तालिका ३.३: फलफूलले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा)**

| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
|---|---|---|---|---|---|
| रुकुम पूर्व | ७.३५ | अर्घाखाँची | ४.४९ | कपिलबस्तु | ०.०० |
| रोल्पा | ७.०४ | पाल्पा | ६.९५ | दाङ | ६.१७ |
| प्युठान | ७.५५ | नवलपरासी | २३.५२ | बाँके | ९.५१ |
| गुल्मी | ६.८६ | रुपन्देही | ८.९२ | बर्दिया | ११.६४ |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### मसला

समीक्षा अवधिमा मसलाले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ६.०४ प्रतिशतले वृद्धि भई ५ हजार ८९ हेक्टर पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ५.६५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा मसलाले ढाकेको क्षेत्रफल मध्ये लसुन, प्याज, अदुवा र अन्य मसलाले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने अलैचीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा मसलाले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी पाल्पाको २०.२३ प्रतिशत र सबैभन्दा कम रुपन्देहीको ०.५० प्रतिशत हिस्सा रहेको छ भने बाँकेको १७.७५ प्रतिशत, दाङको १०.७८ प्रतिशत, कपिलवस्तुको ९.१६ प्रतिशत, अर्घाखाँचीको ८.४८ प्रतिशत, रोल्पाको ६.६४ प्रतिशत, बर्दियाको ६.५५ प्रतिशत, गुल्मीको ६.४९ प्रतिशत, नवलपरासीको ५.५३ प्रतिशत र रुकुमपूर्वको ३.५१ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.४)***।

**तालिका ३.४: मसलाले ढाकेको भू-क्षेत्रको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा)**

| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
|---|---|---|---|---|---|
| रुकुम पूर्व | ३.५१ | अर्घाखाँची | ८.४८ | कपिलबस्तु | ९.१६ |
| रोल्पा | ६.६४ | पाल्पा | २०.२३ | दाङ | १०.७८ |
| प्युठान | ४.३८ | नवलपरासी | ५.५३ | बाँके | १७.७५ |
| गुल्मी | ६.४९ | रुपन्देही | ०.५० | बर्दिया | ६.५५ |


*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## ३.२ कृषि उत्पादन

### खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ७.१६ प्रतिशतले वृद्धि भई २६ लाख ७९ हजार ३ सय ६० मे.टन भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २.१० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको कुल उत्पादनमध्ये धान, मकै, जौ, आलु, भटमास र दलहन बालीको उत्पादनमा वृद्धि भएको छ भने गहुँ, कोदो, फापर र तेलहनको उत्पादनमा ह्रास आएको छ ***(चार्ट ३.२)***।

**चार्ट ३.२: खाद्य तथा अन्य बालीको उत्पादन (प्रतिशत परिवर्तन)**




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

यस प्रदेशमा खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन विश्लेषण गर्दा सबैभन्दा बढी योगदान रुपन्देहीको १७.३६ प्रतिशत र सबैभन्दा कम रोल्पा जिल्लाको ३.६४ प्रतिशत योगदान रहेको छ भने बाँकेको १३.८६ प्रतिशत कपिलवस्तुको १२.१२ प्रतिशत, नवलपरासीको ११.३८ प्रतिशत, बर्दियाको ११.०९ प्रतिशत, दाङको ८.५२ प्रतिशत, गुल्मीको ५.३५ प्रतिशत, पाल्पाको ४.७७ प्रतिशत, रुकुमपूर्वको ४.५१ प्रतिशत, प्यूठानको ३.७५ प्रतिशत र अर्घाखाँचीको ३.६६ प्रतिशत योगदान रहेको छ ***(तालिका ३.५)।***

| तालिका ३.५: खाद्य तथा अन्य बाली उत्पादनको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** |
| रुकुम पूर्व | ४.५१ | अर्घाखाँची | ३.६६ | कपिलबस्तु | १२.१२ |
| रोल्पा | ३.६४ | पाल्पा | ४.७७ | दाङ | १३.८६ |
| प्युठान | ३.७५ | नवलपरासी | ११.३८ | बाँके | ८.५२ |
| गुल्मी | ५.३५ | रुपन्देही | १७.३६ | बर्दिया | ११.०९ |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## तरकारी बाली

समीक्षा अवधिमा तरकारी बालीको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ७.०९ प्रतिशतले वृद्धि भई ४ लाख २१ हजार १ सय ८६ मे.टन पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ७.१७ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा तरकारीले ढाकेको भू-क्षेत्रमा वृद्धि भएको कारण तरकारी उत्पादनमा समेत वृद्धि भएको हो ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा तरकारी बालीको उत्पादनमा सबैभन्दा धेरै रुपन्देहीको २४.७७ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.६३ प्रतिशत हिस्सा रहेको छ भने बाँकेको २०.८२ प्रतिशत, दाङको १६.४४ प्रतिशत, कपिलवस्तुको ९.१३ प्रतिशत, नवलपरासीको ५.८८ प्रतिशत, रोल्पाको ४.८५ प्रतिशत, पाल्पाको ४.०९ प्रतिशत, बर्दियाको ३.५७ प्रतिशत, प्यूठानको ३.०० प्रतिशत, अर्घाखाँचीको २.९९ प्रतिशत, र गुल्मीको २.८२ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.६)*** ।

| तालिका ३.६: तरकारी उत्पादनको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** |
| रुकुम पूर्व | १.६३ | अर्घाखाँची | २.९९ | कपिलबस्तु | ९.१३ |
| रोल्पा | ४.८५ | पाल्पा | ४.०९ | दाङ | १६.४४ |
| प्युठान | ३.०० | नवलपरासी | ५.८८ | बाँके | २०.८२ |
| गुल्मी | २.८२ | रुपन्देही | २४.७७ | बर्दिया | ३.५७ |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## फलफूल

समीक्षा अवधिमा यस प्रदेशमा फलफूलको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १८.१६ प्रतिशतले वृद्धि भई १ लाख २३ हजार १ सय ७८ मे.टन भएको छ । गत वर्ष यस्तो उत्पादन ५०.६१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा फलफुलले ढाकेको भू-क्षेत्रमा वृद्धि भएको र अधिकांश जिल्लाहरुमा फलफूल उत्पादन बढेको कारण समग्र फलफूल उत्पादनमा वृद्धि भएको हो ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा फलफूल उत्पादनमा सबैभन्दा बढी नवलपरासीको ४३.६४ प्रतिशत र कपिलवस्तु जिल्लामा कुनै उत्पादन नभएको (स्रोतबाट प्राप्त तथ्याङ्क अनुसार) । त्यस्तै बर्दियाको ९.५३ प्रतिशत, पाल्पाको ८.५० प्रतिशत, गुल्मीको ७.५० प्रतिशत, रुपन्देहीको ६.१९ प्रतिशत, प्यूठानको ५.५३ प्रतिशत, रोल्पाको ५.३३ प्रतिशत, अर्घाखाँचीको ४.४९ प्रतिशत, बाँकेको ४.४३ प्रतिशत, रुकुमपूर्वको ३.३८ प्रतिशत र दाङको १.४७ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.७)।***

| तलिका ३.७: फलफूल उत्पादनको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
| रुकुम पूर्व | ३.३८ | अर्घाखाँची | ४.४९ | कपिलबस्तु | ०.०० |
| रोल्पा | ५.३३ | पाल्पा | ८.५० | दाङ | १.४७ |
| प्युठान | ५.५३ | नवलपरासी | ४३.६४ | बाँके | ४.४३ |
| गुल्मी | ७.५० | रुपन्देही | ६.१९ | बर्दिया | ९.५३ |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### मसला

समीक्षा अवधिमा मसलाको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १३.०३ प्रतिशतले वृद्धि भई ४६ हजार सय ६० मे.टन भएको छ । गत वर्ष यस्तो उत्पादन ०.६३ प्रतिशतले घटेको थियो । मसला अन्तगर्तका लसुन, प्याज, अदुवा, अलैची, बेसार र अन्य मसला उतपादनमा समेत वृद्धि भएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा मसला उत्पादनमा सबैभन्दा बढी पाल्पाको ३७.७२ प्रतिशत र दाङ तथा कपिलवस्तु जिल्लामा कुनै उत्पादन नभएको (स्रोतबाट प्राप्त तथ्याङ्क अनुसार) । त्यस्तै बर्दियाको १५.९० प्रतिशत, अर्घाखाँचीको ११.१८ प्रतिशत, प्यूठानको १०.३२ प्रतिशत, गुल्मीको ९.९५ प्रतिशत, बाँकेको ५.५३ प्रतिशत, रोल्पाको ४.२८ प्रतिशत, रुकुमपूर्वको २.२७ प्रतिशत, नवलपरासीको १.५२ प्रतिशत र रुपन्देहीको १.३२ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.८) ।***

| तालिका ३.८: मसला उत्पादनको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
| रुकुम पूर्व | २.२७ | अर्घाखाँची | ११.१८ | कपिलबस्तु | ०.०० |
| रोल्पा | ४.२८ | पाल्पा | ३७.७२ | दाङ | ०.०० |
| प्युठान | १०.३२ | नवलपरासी | १.५२ | बाँके | ५.५३ |
| गुल्मी | ९.९५ | रुपन्देही | १.३२ | बर्दिया | १५.९० |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

### दुध उत्पादन

समीक्षा अवधिमा दुध उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ८.२८ प्रतिशतले ह्रास भई २ लाख ९७ हजार ४ सय ३५ हजार लिटर पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १३.६३ प्रतिशतले वृद्धि भएको थियो । कोरोना महामारी पश्चात् अर्थतन्त्रमा देखिएको न्यून आर्थिक वृद्धि र बैंकिङ क्षेत्रमा तरलता अभावले ऋण प्रवाहमा देखिएको समस्याको कारण अधिकांश फर्महरु विस्थापित हुने क्रम बढेकाले समीक्षा अवधिमा गत वर्षको सोही अवधिको तुलनामा दुध उत्पादनमा ह्रास भएको हो ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशको दुधको उत्पादनमा सबैभन्दा धेरै रुपन्देहीको २९.१० प्रतिशत र सबैभन्दा कम रुकुमपूर्वको ०.१७ प्रतिशत हिस्सा रहेको छ भने बाँकेको १५.५८ प्रतिशत, पाल्पाको ८.९५ प्रतिशत गुल्मीको ८.७६ प्रतिशत, बर्दियाको ७.९६ प्रतिशत, कपिलवस्तुको ७.५९ प्रतिशत, दाङको ६.१४ प्रतिशत, अर्घाखाँचीको ४.८७ प्रतिशत, नवलपरासीको ४.५९ प्रतिशत, प्यूठानको ३.५४ प्रतिशत र रोल्पाको २.७५ प्रतिशत हिस्सा रहेको छ । ***(तालिका ३.९) ।***

| तालिका ३.९: दुध उत्पादनको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
| रुकुम पूर्व | ०.१७ | अर्घाखाँची | ४.८७ | कपिलबस्तु | ७.५९ |
| रोल्पा | २.७५ | पाल्पा | ८.९५ | दाङ | ६.१४ |
| प्युठान | ३.५४ | नवलपरासी | ४.५९ | बाँके | १५.५८ |
| गुल्मी | ८.७६ | रुपन्देही | २९.१० | बर्दिया | ७.९६ |

*स्रोत: अध्ययनमा समेटिएका भेटेरिनरी अस्पतालहरु*

### मासु उत्पादन

समीक्षा अवधिमा मासुको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ११.६५ प्रतिशतले ह्रास भई ६३ हजार ७ सय ६७ मे.टन पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १५.८७ प्रतिशतले वृद्धि भएको थियो । केही जिल्लाको स्थानीय तहले अण्डा/मासु आत्मनिर्भर कार्यक्रम स्थगित गरेको र मासु उत्पादन अन्तर्गत भैसी/राँगो, खसी/बोका/भेडा, सुंगुर/बंगुर र कुखुरा/हाँसको मासु समेतमा अत्याधिक गिरावट आएको कारण गत वर्षको सोही अवधिको तुलनामा समग्र मासु उत्पादनमा ह्रास देखिएको हो ।

समीक्षा अवधिमा मासु उत्पादन मध्ये भैसी/राँगोको मासु उत्पादन गत वर्षको सोही अवधिको तुलनामा २.०४ प्रतिशतले ह्रास भएको छ भने खसी/बोका/भेडाको मासु उत्पादन ४.०५ प्रतिशत, सुँगुर/बंगुरको उत्पादन ७.१४ प्रतिशत तथा कुखुरा/हाँसको उत्पादनमा समेत ४३.३८ प्रतिशतले ह्रास आएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल मासु उत्पादनमा सबैभन्दा धेरै रुपन्देहीको २७.७५ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.८० प्रतिशत हिस्सा रहेको छ भने बाँकेको १९.८९ प्रतिशत, कपिलवस्तुको १०.३८ प्रतिशत, दाङको ८.६८ प्रतिशत, पाल्पाको ७.९९ प्रतिशत, बर्दियाको ६.२५ प्रतिशत, प्यूठानको ५.२६ प्रतिशत, गुल्मीको ४.९४ प्रतिशत, नवलपरासीको ३.३४ प्रतिशत, अर्घाखाँचीको २.१९ प्रतिशत र रोल्पाको २.५३ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.१०) ।***

| तालिका ३.१०: मासु उत्पादनको जिल्लागत अवस्था (हिस्सा प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
| रुकुम पूर्व | ०.८० | अर्घाखाँची | २.१९ | कपिलवस्तु | १०.३८ |
| रोल्पा | २.५३ | पाल्पा | ७.९९ | दाङ | ८.६८ |
| प्युठान | ५.२६ | नवलपरासी | ३.३४ | बाँके | १९.८९ |
| गुल्मी | ४.९४ | रुपन्देही | २७.७५ | बर्दिया | ६.२५ |

*स्रोत: अध्ययनमा समेटिएका भेटेरिनरी अस्पतालहरु*

### अण्डा उत्पादन

समीक्षा अवधिमा अण्डा उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १४.६५ प्रतिशतले ह्रास भई ८.२३ करोड गोटा भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २५.३५ प्रतिशतले वृद्धि भएको थियो । केही जिल्लाका स्थानीय तहहरुले सञ्चालन गरेको अण्डामा आत्मनिर्भर कार्यक्रम स्थगित गरेको कारण अण्डाको उत्पादनमा ह्रास आएको हो ।

### उन/हाड उत्पादन

समीक्षा अवधिमा उन उत्पादन गत वर्षको सोही अवधिको तुलनामा २.२५ प्रतिशतले ह्रास भई २१ हजार २ सय ७९ के.जी भएको छ भने हाड उत्पादन ९७.५८ प्रतिशतले ह्रास भई ४०० मे.टन पुगेको छ ।


### माछा उत्पादन

समीक्षा अवधिमा माछा उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ६.०५ प्रतिशतले ह्रास भई ७ हजार २ सय ३८ मे.टन  पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १९.५१ प्रतिशतले वृद्धि भएको थियो ।

## ३.४ वनजन्य उत्पादन

संघीय र प्रादेशिक वन ऐन २०७९ लागु भइसकेको र वन व्यवस्थापन कार्यको मापदण्ड २०७९ लागु भएको तर साविकमा बैज्ञानिक वन भनी लागु भएका सामुदायीक वनहरुमा उक्त मापदण्ड बमोजिम संशोधन गरी मात्र कार्यान्वयन गर्न सकिने भएकाले समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १९.५८ प्रतिशतले ह्रास भई ५ लाख ८५ हजार ७ सय ८१ क्यूविक फिट पुगेको छ भने दाउरा उत्पादन २१.६९ प्रतिशतले ह्रास भई १ हजार ६ सय ३१.६४ चट्टा पुगेको छ । गत वर्षको सोही अवधिमा काठको उत्पादन १७.१३ प्रतिशत र दाउराको उत्पादन १९.६७ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा अवधिमा औषधीजन्य वस्तु उत्पादन १.२१ प्रतिशतले ह्रास भएको छ भने अन्य उत्पादन १२२.५९ प्रतिशतले वृद्धि भएको छ । नेपाल सरकारले जिल्लागत रुपमा पकेट क्षेत्रको विस्तार गर्दा अन्य उत्पादन जस्तैः अम्रिसो, चिउरी, खोटो, तेजपात, सिन्का लगायतका वस्तुहरुको उत्पादन बढेको हुदाँ अन्य उत्पादनमा वृद्धि भएको छ । विगत वर्षको सोही अवधिमा औषधीजन्य वस्तु उत्पादन १७.४६ प्रतिशत र अन्य उत्पादन १४.०५ प्रतिशतले घटेको थियो ***(चार्ट ३.३)।***

**चार्टः ३.३ः वनजन्य उत्पादन  (प्रतिशत परिवर्तन)**





*स्रोतः अध्ययनमा समेटिएका वन कार्यालयहरु*

## ३.५ सिँचाइ

समीक्षा अवधिमा कुल सिँचित क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ०.४२ प्रतिशतले वृद्धि भई २ लाख ५ हजार ३ सय ३४.५ हेक्टर पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.०६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिसम्म यस प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमा ३७.४७ प्रतिशत मात्र सिँचाइ सुविधा पुगेको छ । कुल सिँचाइको स्रोतहरु मध्ये कुलो, नहर र पोखरीबाट हुने सिँचाइ क्रमशः ०.५ प्रतिशत, ०.४५ प्रतिशत र २.१८ प्रतिशतले वृद्धि भएको छ ***(चार्ट :३.४)*** ।

**चार्ट ३.४: सिंचित क्षेत्रफलको परिवर्तन (प्रतिशत परिवर्तन)**




*स्रोत: अध्ययनमा समेटिएका सिँचाइ कार्यालयहरु*

## ३.६ क्षेत्रगत कृषि कर्जा

बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कुल कृषि कर्जा गत वर्षको सोही अवधिको तुलनामा ११.९८ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब ७६ करोड ८३ लाख पुगेको छ। गत बर्षको सोही अवधिमा यस्तो कर्जा रु.४७ अर्व १२ करोड ४३ लाख प्रवाह भएको थियो ।

समीक्षा अवधिमा कृषिक्षेत्र अन्तर्गतका उपशीर्षकहरुमा सबैभन्दा धेरै सिंचाइ २२५.०३ प्रतिशत र सबैभन्दा कम अन्न बालीमा १.१६ प्रतिशतले कर्जा वृद्धि भएको छ भने सबैभन्दा धेरै ह्रास सूर्तिमा ५३.६० प्रतिशत र माहुरीपालनमा ४.३० प्रतिशतले भएको छ।

यस प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जामा जिल्लागत हिस्सा विश्लेषण गर्दा सबैभन्दा धेरै रुपन्देही जिल्लाको ३८.६३ प्रतिशत हिस्सा रहेको छ भने सबैभन्दा कम रुकुमपूर्वको ०.०८ प्रतिशत हिस्सा रहेको छ। यसैगरी, कुल कृषि कर्जामा दाङको १५.७३ प्रतिशत, बाँकेको १३.५६ प्रतिशत, कपिलवस्तुको १०.२५ प्रतिशत, नवलपरासीको ९.३७ प्रतिशत, बर्दियाको ५.४८ प्रतिशत, पाल्पाको २.२४ प्रतिशत, प्यूठानको १.७१ प्रतिशत, गुल्मीको १.२८ प्रतिशत, रोल्पाको ०.८८ प्रतिशत र अर्घाखाँचीको ०.७८ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ३.११)*** ।

| तालिका ३.११: कृषि कर्जाको जिल्लागत स्थिति (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा | जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा |
| रुकुम पूर्व | ४३.६५ | ०.०८ | नवलपरासी | ४९४३.५८ | ९.३७ |
| रोल्पा | ४६१.८२ | ०.८८ | रुपन्देही | २०३८०.१५ | ३८.६३ |
| प्यूठान | ९०४.३३ | १.७१ | कपिलवस्तु | ५४०८.२५ | १०.२५ |
| गुल्मी | ६७६.७५ | १.२८ | दाङ | ८३०१.०० | १५.७३ |
| अर्घाखाचीँ | ४१३.३० | ०.७८ | बाँके | ७१५३.६७ | १३.५६ |
| पाल्पा | ११८२.९८ | २.२४ | बर्दिया | २८८८.६१ | ५.४८ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.७ कृषि क्षेत्रका सम्भावना तथा चुनौती

### सम्भावना

- कृषि क्षेत्रको विकास तथा विस्तारको लागी तिनै तहका सरकारबाट कृषि उत्पादनसँग सम्बन्धि विभिन्न कार्यक्रमहरु घोषणा हुनुले उत्पादन बढ्ने सम्भावना रहेको ।
- कृषि बीमा कार्यक्रमको विस्तार, कृषि सडक सञ्जालको विस्तार एवं बजार सुनिश्चित हुन सकेमा थप युवाहरुलाई कृषिमा आकर्षित गरी कृषि क्षेत्रको दिगो विकास हुने सम्भावना रहेको ।
- कृषि श्रोतकेन्द्रहरुको स्थापना पश्चात उन्नत बीउबीजनको सहज उपलब्धता तथा मलखाद यथासमयमा उपलब्ध हुन सकेमा कृषि पेशामा थप जनशक्ति आवद्ध हुने सम्भावना रहेको ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई सरकारका विभिन्न कार्यक्रम मार्फत कृषि उत्पादनमा जोड्न सकेमा लगानी विस्तार हुने सम्भावना रहेको ।
- यस प्रदेशको सबै शहरी क्षेत्रमा कौशी करेसाबारीको अवधारणालाई विस्तार गर्दै स्थानिय निकायले उक्त कार्यक्रममा प्रविधिक जनशक्ति जोड्न सकेमा उत्पादन वृद्धि भई आयात प्रतिस्थापन गर्न सक्ने सम्भावना रहेको ।
- मत्स्य पालनको प्रचुर सम्भावना बोकेको यस प्रदेशमा मत्स्यपालन व्यवसायमा थप लगानी हुनसके निर्यात समेत गर्न सक्ने सम्भावना रहेको ।

### चुनौती

- यस प्रदेशमा उत्पादित मसलाजन्य उत्पादनहरुले उचित बजार मूल्य नपाउँदा उक्त उत्पादनलाई निरन्तरता दिने कार्य ।
- यस प्रदेशको हिमाली र पहाडी जिल्लामा उत्पादन हुने आलु लगायतका उत्पादनहरुको प्रभावकारी बजारीकरण गर्ने कार्य ।
- खेतीयोग्य जमिन बाझो जमिनमा परिणत हुने अवस्थालाई रोक्ने कार्य ।
- उत्पादनका लागत न्यून गर्ने तथा बालीहरुमा लाग्ने विभिन्न रोगहरु एवं प्राकृतिक प्रकोपहरु न्यूनिकरण गर्ने कार्य ।
- निजी तथा सहकारी क्षेत्रलाई व्यवसायिक कृषि उत्पादनमा आकर्षित गर्ने कार्य ।
- कृषि बिमा कार्यक्रमलाई लक्षित किसानसम्म विस्तार गर्ने कार्य ।
- आधुनिक एवं व्यवसायिक कृषिको लागि आवश्यकता अनुरुप प्राविधिक जनशक्ति उपलब्ध गराउने कार्य ।
- मल, बीउबीजन, किटनाशक तथा मेसीनरीहरु समयमै उपलब्ध गराउने कार्य ।


# परिच्छेद ४

# उद्योग क्षेत्र

लुम्बिनी प्रदेशको रुपन्देहीमा बुटवल औद्योगिक क्षेत्र र बाँकेमा नेपालगञ्ज औद्योगिक क्षेत्र गरी २ वटा औद्योगिक क्षेत्रहरु सञ्चालनमा रहेका छन् । बुटवल औद्योगिक क्षेत्रको ७२ मध्ये ६४ वटा र नेपालगञ्ज औद्योगिक क्षेत्रका ३५ मध्ये ३० वटा गरि जम्मा ९४ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् । भारतबाट कम लागत र सहज रुपमा कच्चा पदार्थ आयात गर्न सकिने, औद्योगिक कामदारहरुको सहज उपलब्धता, उपयुक्त औद्योगिक वातावरण हुनुले पछिल्लो समय लुम्बिनी प्रदेशका रुपन्देही, नवलपरासी(पश्चिम), कपिलवस्तु र बाँके लगायतका जिल्लाहरु औद्योगिक हवको रुपमा अगाडि बढी रहेका छन् । रुपन्देहीको भैरहवा स्थित विषेश आर्थिक क्षेत्र (SEZ)मा हाल ७ वटा उद्योगहरु संचालनमा रहेका छन् भने पछिल्लो समय पूर्ण क्षमतामा सञ्चालनका लागि कार्य अगाडि बढी रहेकोले आगामी दिनहरुमा थप उद्योगहरु स्थापना भई उत्पादन र रोजगारी समेत वृद्धि हुने सम्भावना देखिन्छ । थप औद्योगिक क्षेत्र स्थापना गर्ने उदेश्यले रुपन्देहीको मोतीपुर औद्योगिक क्षेत्र र बाँकेको नौवस्ता औद्योगिक क्षेत्रको जग्गा प्राप्ती भई निमार्ण कार्य अगाडि बढी रहेको कारण यो प्रदेश औद्योगिक हवको रुपमा अगाडि बढ्ने कममा रहेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, लुम्बिनी प्रदेशको आ.व.२०७९/८० पुस मसान्तसम्मको प्रगति प्रतिवेदन अनुसार यस प्रदेशमा उद्योगको प्रकृतिको अधारमा विभिन्न ५ वटा शिर्षकमा जम्मा ४१९ वटा उद्योगहरु र कुल ३६७ वटा वाणिज्य फर्महरु दर्ता भएका छन् । दर्ता भएका उद्योगहरु मध्ये सबैभन्दा बढी १९६ वटा उद्योग कृषि तथा वनजन्य र सबैभन्दा कम ३ वटा निर्माण क्षेत्रसँग सम्बन्धित उद्योगहरु रहेका छन् ***(चार्ट ४.१)*** **।** दर्ता भएका उद्योगहरुको चालु पुँजी रु.४१ करोड १७ लाख र स्थिर पुँजी ५८ करोड ७१ लाख गरी कुल पुँजी रु. ९९ करोड ८८ लाख रहेको छ । समीक्षा अवधिमा दर्ता भएका उद्योगहरुमा पुरुष १०१९ र महिला ५७७ गरी कुल १५९६ जनाले रोजगारी प्राप्त गरेका छन् ।

**चार्ट ४.१ : उद्योगको दर्ता संख्या**





*स्रोत :उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, लुम्बिनी प्रदेश*

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

### क्षमता उपयोग

अध्ययनमा समेटिएका उद्योगहरुको समीक्षा अवधिमा औसत क्षमता उपयोग ४२.३३ प्रतिशत रहेको छ । गत अवधिमा यस्ता उद्योगको औषत क्षमता उपयोग ४९.२२ प्रतिशत रहेको थियो । विशेष गरी, ड्राई सिरप, बिजुलीका तार तथा केबुल, कंक्रीट, चामल, पेय पदार्थ, जि.आई पाईप, औषधिजन्य उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा कमी आएकाले गत वर्षको सोही अवधिको तुलनामा समग्र उद्योगको औषत क्षमता उपयोगमा केही ह्रास आएको छ । अध्ययनमा समेटिएका उद्योगहरु मध्ये सबैभन्दा बढी प्लाष्टिकजन्य उद्योगले ८९.६४ प्रतिशत र सबैभन्दा कम Dry Syrup औषधि उत्पादन गर्ने उद्योगले ३.९१ प्रतिशत क्षमता उपयोग गरेका छन् । यसैगरी औषत भन्दा बढी क्षमता उपयोग गर्ने उद्योगहरुमा कागज, ट्याबलेट, आल्मुनियम, रोजिन र पशुदाना रहेका छन् ***(चार्ट : ४.२ )।***

**चार्ट ४.२: औद्योगिक क्षमता उपयोग (प्रतिशत)**




*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*

### औद्योगिक उत्पादनको अवस्था

अध्ययनमा समेटिएका उद्योगहरुमध्ये समीक्षा अवधिमा रोजिन उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ३०.६६ प्रतिशतले वृद्धि भएको छ । कच्चा पदार्थको शुलभ उपलब्धता र भारत लगायतका अन्य देशहरुमा माग उच्च रहेको कारण रोजिन उत्पादनमा वृद्धि देखिएको छ । विदेशमा कागजको मूल्य बढेर आयात कम हुदा नेपाली कागजको माग बढेको कारण समीक्षा अवधिमा कागज उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ३०.५९ प्रतिशतले वृद्धि भएको छ । बजारको मागमा कमी आउनु ,विद्युत आपूर्तिमा समस्या र अन्तराष्ट्रिय बजारमा कोईला तथा पेट्रोलियम पदार्थहरुको मूल्य वृद्धिका कारण समीक्षा अवधिमा सिमेन्ट उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ५४.०९ प्रतिशतले ह्रास भएको छ । त्यसैगरी, प्रमुख औद्योगिक उत्पादनहरुमध्ये समीक्षा अवधिमा Liquid उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ८.१८ प्रतिशतले वृद्धि भएतापनि आल्मुनियम उत्पादन ६५.४७ प्रतिशत, चामल उत्पादन ५८.७९ प्रतिशत, कंक्रीट उत्पादन ५२.०९ प्रतिशत, बिजुलीका तार र केबुल ४८.६४ प्रतिशत, गहुँको पिठो ३६.३१ प्रतिशत, Tablet उत्पादन २९.३९ प्रतिशत,

चाउचाउको उत्पादन १६.५९ प्रतिशत, Dry syrup उत्पादन १९.४९ प्रतिशत, मदिरा उत्पादन १०.९५ प्रतिशत, Capsule उत्पादन १०.३३ प्रतिशत र Ointment उत्पादन ९.८८ प्रतिशतले ह्रास आएको छ ***(तालिका ४.१ )।***

**तालिका ४.१:औद्योगिक उत्पादन**

| उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| आल्मुनियम | -६५.४७ | बिजुलीका तार | -४८.६४ | सिन्थेटिक क. | -२३.७३ | Ointment | -९.८८ |
| चामल | -५८.७९ | फलामको छड | -४८.६४ | Dry | -१९.४९ | प्लाष्टिक समान | -२.४ |
| सिमेन्ट | -५४.०९ | गहुंको पिठो | -३६.३१ | चाउचाउ | -१६.५९ | Liquid | ८.१८ |
| कंक्रीट | -५२.०९ | पशुदाना | -३३.५६ | मदिरा | -१०.९५ | कागज | ३०.५९ |
| जि.आई. तार | -५१.४१ | Tablet | -२९.३९ | Capsule | -१०.३३ | रोजिन | ३०.६६ |

*स्रोतः अध्ययनमा समेटिएका उद्योगहरु*


### रोजगारी

समीक्षा अवधिमा अध्ययनमा समेटिएका २७ वटा उद्योगहरु मध्ये १८ वटाबाट प्राप्त तथ्याङ्क अनुसार महिला २७१ र पुरुष २८४१ गरी जम्मा ३११२ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा अवधिमा लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ६.०९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २६ अर्ब ३ करोड ८१ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४.४३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कुल औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा १९४.१५ प्रतिशत, विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा १९१.१० प्रतिशत, धातुका उत्पादन मेशिनरी तथा इलेक्ट्रोनिक्स सम्बन्धी उद्योगमा ६.६२ प्रतिशत गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ३.६५ प्रतिशत, निर्माण उद्योगमा १.७ प्रतिशत र कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा ०.५८ प्रतिशतले कर्जा वृद्धि भएको छ । गत अवधिमा खानी, कृषि, वन तथा पेय पदार्थ, घातुका उत्पादन र गैरखाद्य वस्तुको उत्पादन सम्बन्धी उद्योगको कर्जामा वृद्धि देखिएता पनि निर्माण उद्योग १६.९३ प्रतिशत र विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योग ४४.४१ प्रतिशतले ह्रास आएको थियो ***(चार्ट : ४.३)*** ।

**चार्ट ४.३ :ओद्योगीक कर्जा (प्रतिशत परिवर्तन )**




*स्रोतः नेपाल राष्ट्र बैंक*

यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा औद्योगिक कर्जाको अंश २२.९१ प्रतिशत रहेको छ । यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको औद्योगिक कर्जामा गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगको ४२.७७ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगको ३४.०८ प्रतिशत, निर्माण सम्बन्धी उद्योगको १०.६१ प्रतिशत, धातुका उत्पादन मेसीनरी तथा इलेक्ट्रोनिक सम्बन्धी उद्योगको ७.३७ प्रतिशत खानी सम्बन्धी उद्योगको २.६२ प्रतिशत र विद्युत ग्यास तथा पानी सम्बन्धी उद्योगको २.५५ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ४.२)*** ।

| **तालिका ४.२: कुल औद्योगिक कर्जा र क्षेत्रगत हिस्सा (प्रतिशत) (रु.दश लाखमा )** | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **२०७९ पुस मसान्त** | **हिस्सा** | **विवरण** | **२०७९ पुस मसान्त** | **हिस्सा** |
| खानी सम्बन्धी | ३३०४.५ | २.६२ | निर्माण | १३३७३.८ | १०.६१ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन | ४२९५४.१ | ३४.०८ | विद्युत, ग्यास तथा पानी मेसिनरी तथा ईलेक्ट्रोनिक | ३२१३.४ | २.५५ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ५३९०४.१ | ४२.७७ | धातुका उत्पादन,मेसिनरी तथा ईलेक्ट्रोनिक | ९२८८.२ | ७.३७ |
| **कुल कर्जा** | **५५००८०.९** | | **औद्योगिक कर्जाको हिस्सा** | **१२६०३८.१** | **२२.९१** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

यस प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जामा जिल्लागत विश्लेषण गर्दा सबैभन्दा धेरै रुपन्देही जिल्लाको ५८.९२ प्रतिशत हिस्सा रहेको छ भने रुकुमपूर्व जिल्लाको सबैभन्दा कम ०.०३ प्रतिशत हिस्सा रहेको छ । यसैगरी, कुल औद्योगिक कर्जामा बाँकेको १७.५३ प्रतिशत, दाङको ८.५६ प्रतिशत, नवलपरासी पश्चिमको ५.५२ प्रतिशत, कपिलवस्तुको ४.८४ प्रतिशत, बर्दियाको १.६० प्रतिशत, पाल्पाको १.११ प्रतिशत, गुल्मीको ०.७५ प्रतिशत, अर्घाखाँचीको ०.४० प्रतिशत, प्यूठानको ०.३९ प्रतिशत र रोल्पाको ०.३६ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ४.३) ।***

| **तालिका ४.३: कुल औद्योगिक कर्जामा जिल्लागत हिस्सा (प्रतिशत)** | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | हिस्सा | जिल्ला | हिस्सा | जिल्ला | हिस्सा |
| रुकुम पूर्व | ०.०३ | अर्घाखाँची | ०.४० | कपिलबस्तु | ४.८४ |
| रोल्पा | ०.३६ | पाल्पा | १.११ | दाङ | ८.५६ |
| प्यूठान | ०.३९ | नवलपरासी प. | ५.५२ | बाँके | १७.५३ |
| गुल्मी | ०.७५ | रुपन्देही | ५८.९२ | बर्दिया | १.६० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

**बक्स १: स्पीड ईनर्जी ईण्डष्ट्रिज प्रा.लि.**

२०७० सालदेखि रुपन्देही जिल्लाको देवदह नगरपालिका ४ मा करीब रु. १० करोड लगानीमा स्थापित स्पीड ईनर्जी ईण्डष्ट्रिज प्रा.लि.ले टायर, ट्युव र रवर जस्ता फोहर मैलाहरुलाई उपयोग गरी फर्नेस आयल उत्पादन गर्दछ । २ वटा प्लान्टहरु जडित यस उद्योगले कच्चा पदार्थको अभावमा वर्षमा आठ महिना मात्र सञ्चालनमा रही करीव २ लाख २० हजार लिटर फर्नेस आयल उत्पादन गर्दछ । वातावरण मैत्री उर्जामूलक उद्योगको रुपमा स्थापना भएको उक्त उद्योगले ४० जनालाई प्रत्यक्ष रोजगारी दिएको छ भने करीब ३०० जनालाई अप्रत्यक्ष रोजगारी सिर्जना गरेको छ । यस उद्योगले औद्योगिक ईन्धनको आयात प्रतिस्थापन गर्न सघाउ पुऱ्याएको छ ***(स्रोतः स्पीड ईनर्जी ईण्डष्ट्रिज प्रा.लि., रुपन्देही )*** ।

## ४.३ औद्योगिक क्षेत्रको सम्भावना र चुनौती

### सम्भावना

- लुम्बिनी प्रदेशको अध्ययनमा समेटिएका उद्योगहरुमध्ये रोजिन उत्पादनमा गत अवधिमा ८.९४ प्रतिशतको ह्रास भएतापनि समीक्षा अवधिमा ३०.६६ प्रतिशतले वृद्धि भएको छ । औद्योगिक कच्चा पदार्थ सल्लाको खोटोमा भरपर्ने र स्थानीय तथा समुदायिक वनमा सल्लाको रुख प्रचूर मात्रामा उपलब्ध रहेको छ । साथै, यस उत्पादनको विक्री स्थानीय बजारमा भन्दा भारतीय बजारमा वढि रहेकाले निर्यातको उच्च सम्भावना रहेको ।
- यस प्रदेशका पहाडी र हिमाली जिल्लाहरुमा जडिबुटी तथा औषधिजन्य उत्पादनमा आधारित उद्योगको स्थापना गरी निर्यात बढाउन सकिने ।
- यस प्रदेशका तराईका जिल्लाहरु अन्नको उर्बर भूमि भएकाले यस क्षेत्रमा खाद्यान्न उद्योगहरुको उच्च सम्भावना रहेको ।
- यस प्रदेशमा गुणस्तरीय चुनढुङ्गाको उपलब्धता भएकाले राम्रो औद्योगिक बातावरणका निर्माण गरी उत्पादित गुणस्तरीय सिमेन्टलाई छिमेकी मुलुक भारतमा समेत निर्यातको उच्च सम्भावना रहेको ।
- यस प्रदेशका तराईका जिल्लाहरुमा भएको तिब्र शहरीकरण, सडक सञ्जाल र अन्य पूर्वाधारमा भएको लगानीले औद्योगिक उत्पादनको बजार विस्तार गर्न सकिने सम्भावना रहेको ।
- बेलहिया तथा नेपालगञ्ज भन्सार कार्यालयमा एकीकृत जाच चौकीको सञ्चालन एवम् महेशपुर र कृष्णनगर भन्सार कार्यालयको स्तरोन्नति पश्चात् कच्चा पदार्थ आयात तथा निर्यातमा सहजता भई औद्योगिक उत्पादन वृद्धि हुने सम्भावना रहेको ।
- यस क्षेत्रमा भएको औद्योगिक क्षेत्रबाट निस्केको फोहोरलाई व्यवस्थापन गर्नका लागी फोहोरमैला व्यवस्थापन सम्बन्धी उद्योगहरुको (Recycle Industries) सम्भावना रहेको ।
- यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको उल्लेख्य उपस्थितिका कारण उद्योगहरुमा लगानी सहजता, औद्योगिक क्षेत्रहरुमा प्रसारण लाइन र सवस्टेसनको विस्तारका कारण औद्योगिक क्षेत्रको विकास र विस्तारको सम्भावना रहेको ।
- भैरहवा विशेष आर्थिक क्षेत्र (SEZ) मा थप उद्योगहरु स्थापना हुने क्रममा रहनु, रुपन्देहीको मोतिपुर र बाँकेको नौवस्तामा नयाँ औद्योगिक क्षेत्र निर्माण शुरु हुनुले यस प्रदेशमा उद्योगहरु स्थापनाको थप संभावना रहेको ।

## चुनौती

- पुर्वाधारको निर्माणमा आएको कमि तथा सिमित बजारका कारण यस क्षेत्रका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्ने कार्य ।
- कृषि उत्पादनको प्रचुर सम्भावना रहेको यस प्रदेशको कृषि उत्पादनलाई उद्योगसँग जोड्न आवश्यक सडक, विद्यूत लगायतका औद्योगिक पुर्वाधारहरुको निर्माण कार्य ।
- यस प्रदेशबाट भारत तथा अन्य देशहरुमा रोजगारीका लागी जाने प्रवृत्ति बढ्दै गएको वर्तमान परिस्थितीमा श्रमशक्ति उद्योगतर्फ आकर्षित गर्ने कार्य ।
- स्वदेशी कामदारहरुको क्षमता अभिवृद्धि गरी उद्योग क्षेत्रमा आवश्यक हुने दक्ष जनशक्ति निमार्ण गर्ने कार्य ।
- भैरहवामा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) लाई पुर्ण क्षमतामा सञ्चालन गर्नु तथा त्यहाँ स्थापित उद्योगहरु मार्फत निर्यातमा वृद्धि गर्ने कार्य ।
- यस प्रदेशमा भईरहेको औद्योगिक विकासको कारण उद्योगहरुबाट निस्कने फोहर तथा प्रदुषणबाट मानव स्वास्थ्य तथा बातावरणमा पर्ने असरलाई कम गर्नु ।
- यस प्रदेशका सिमेन्ट उद्योगहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थको रुपमा प्रयोग हुने चुनढुङ्गा उत्खनन् गर्दा हुने वातावरणीय प्रभावलाई न्यून गर्ने कार्य ।

# परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ पर्यटन

यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका पर्यटक स्तरीय होटलहरुको होटल शैया सङ्ख्या, कोठा/शैया बिक्री सङ्ख्या, प्रत्यक्ष रोजगारी सङ्ख्या र पर्यटक आगमन सङ्ख्या लगायतका पर्यटकीय सूचकहरुको अवस्था विश्लेषण गर्न स्थलगत सर्वेक्षण मार्फत पाल्पा जिल्लाबाट १, बाँके जिल्लाबाट ३ र रुपन्देही जिल्लाबाट ६ गरी जम्मा १० वटा पर्यटक स्तरीय होटलहरु छनोट गरिएको छ ।

विगतमा कोभिड-१९ को असहज परिस्थितिका कारण मारमा परेको यस प्रदेशको पर्यटनक्षेत्र क्रमिक रुपमा सुधारोन्मुख रहेको देखिन्छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावका कारण आसपासका क्षेत्रमा होटल/रेष्टुरेन्टहरु निर्माण भईरहेको देखिन्छ भने अधिकांशको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेका छन् ।

छनोटमा परेका होटलहरुको शैया सङ्ख्यामा वृद्धि हुनुका साथै विगतका वर्षहरुको तुलनामा पर्यटकहरुको आवागमनमा समेत सुधार हुँदै गएको देखिन्छ ।

**तालिका ५.१ पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर**

| विवरण | दुईवर्ष अघि | गत अवधि | समीक्षा अवधि | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | आ.ब.२०७७/०७८ (साउन- पुस) | आ.ब.२०७८/७९ (साउन- पुस) | आ.ब.२०७९/८० (साउन- पुस) | गत अवधि | समीक्षा अवधि |
| होटल शैयाको सङ्ख्या | २४१२६५ | २४१२६५ | २७९२२५ | ० | १५.७३ |
| कोठा/शैया बिक्री सङ्ख्या | २०३७५ | ३६२०५ | ३८५९९ | ७७.६९ | ६.६१ |
| **प्रत्यक्ष रोजगारी सङ्ख्या** | **३८१** | **४७१** | **५६९** | **२३.६२** | **२०.८१** |
| पुरुष सङ्ख्या | ३२९ | ४०३ | ४७६ | २२.४९ | १८.११ |
| महिला सङ्ख्या | ११० | १४३ | १६३ | ३०.०० | १३.९९ |
| **पर्यटक आगमन सङ्ख्या** | **४१७४** | **११९०१** | **१५१९९** | **१८५.१२** | **२७.७१** |
| भारत | ३६७७ | १०९३७ | १२७११ | १९७.४४ | १६.२२ |
| चीन | ६ | ११४ | ४६८ | १८००.०० | ३१०.५३ |
| तेस्रो मुलुक | ४९१ | ८५० | २०२० | ७३.१२ | १३७.६५ |
| **अकुपेन्सी दर** | **८.४५** | **१५.०१** | **१३.८२** | **७७.६९** | **-७.८८** |

*स्रोत: नमुना छनौटमा परेका होटल एवं अध्यागमन कार्यालय, बेलहीया, लुम्बिनी प्रदेश*

### होटल शैया सङ्ख्या

छनोटमा परेका होटलहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा होटल शैया सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १५.७३ प्रतिशतले वृद्धि भई २ लाख ७९ हजार २२५ पुगेको छ, भने गत बर्षको सोही

अवधिमा यस्तो सङ्ख्या २ लाख ४१ हजार २६५ रहेको थियो । यसैगरी समीक्षा अवधिमा कोठा/शैया बिक्री सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ६.६१ प्रतिशतले वृद्धि भई ३८ हजार ५ सय ९९ रहेको छ भने गत वर्षको सोही अवधिमा ७७.६९ प्रतिशतले वृद्धि भएको थियो ***( तालिका ५.१ )।***


### पर्यटन आगमन सङ्ख्या

छनोटमा परेका होटलहरुको समीक्षा अवधिमा पर्यटक आगमन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा २७.७१ प्रतिशतले वृद्धि भई १५ हजार १ सय ९९ सय भएको देखिन्छ भने कोभिड-१९ को प्रभाव न्युन हुदै जाँदा गत वर्षको सोही अवधिमा १८५.१२ प्रतिशतले वृद्धि भएको थियो ***(तालिका ५.१)।***

### अकुपेन्सी दर तथा रोजगारी

लुम्बिनी प्रदेश स्थित छनोटमा परेका होटलहरुको अकुपेन्सी दर तथा रोजगारीको अवस्था विश्लेषण गर्दा पर्यटकहरुको छोटो अवधिको बसाई र होटलहरुको शैया सङ्ख्यामा वृद्धिको कारणले समीक्षा अवधिमा अकुपेन्सी दर गत वर्षको सोही अवधिको तुलनामा ७.८८ प्रतिशतले ह्रास भएको देखिन्छ भने रोजगारी २०.८१ प्रतिशतले वृद्धि भई पुरुष ४७६ र महिला १६३ गरी जम्मा ५६९ जनाले प्रत्यक्ष रोजगारी पाएको देखिएको छ ।

**चार्ट ५.१ :अकुपेन्सी दर**




*स्रोत: अध्ययनमा समेटिएका १० वटा होटलहरु*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ३७.६२ प्रतिशतले ह्रास भई ४० हजार २ सय ६५ पुगेको छ भने गत वर्षको सोही अवधिमा सो सङ्ख्या २०.०३ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व गत वर्षको सोही अवधिको तुलनामा ८४.०७ प्रतिशतले ह्रास भई रु.१ अर्व ९ करोड ७० लाख कायम भएको छ भने गत वर्षको सोही अवधिमा राजस्व रकम ८८.३० प्रतिशतले वृद्धि भई रु. ६ अर्व ८८ करोड ५२ लाख पुगेको थियो । यसैगरी,समीक्षा अवधिमा घर/भवन स्थायी नक्सा पास सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ४४.१३ प्रतिशले ह्रास आई २ हजार ४ सय ६६ पुगेको छ भने गत वर्षको सोही अवधिमा १.४१ प्रतिशतले ह्रास भएको थियो । नेपाल सरकारको नीति वमोजिम जग्गा वर्गीकरण नगरी कित्ताकाट गर्न नपाउने व्यवस्था ल्याएको सन्दर्भमा टुक्रा जग्गाहरु ( व्यवसायिक भन्दा पनि परिवारको नाम) को मात्र कारोवार भएकोले घरजग्गा रजिष्ट्रेशन सङ्ख्या र राजस्व रकम समेतमा कमी देखिएको छ ***(तालिका ५.२)।***


| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | | | | | |
|---|---|---|---|---|---|
| विवरण | २०७७/७८ (साउन-पुस) | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | प्रतिशत परिवर्तन | |
| | | | | गत अवधि | समीक्षा अवधि |
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ८०७१७.०० | ६४५५१.०० | ४०२६५ | - २०.०३ | - ३७.६२ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | ४४७७.०० | ४४१४.०० | २४६६.०० | - १.४१ | -४४ .१३ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाख) | ३६५६.५७ | ६८८५.२४ | १०९७.०७ | ८८.३० | - ८४.०७ |

*स्रोतः जिल्लामा रहेका मालपोत कार्यालयहरु तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका*

## ५.३ वित्तीय सेवा

### शाखा सङ्ख्या

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्राप्त तथ्याङ्क अनुसार २०७९ पुस मसान्तसम्ममा यस प्रदेशमा क वर्गको ७४९, ख वर्गको २५७, ग वर्गको ४६ र घ वर्गको ११६७ गरी जम्मा २२१९ वटा बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्चालनमा रहेका छन् । समीक्षा अवधिमा कुल शाखा सङ्ख्यामा रुपन्देही जिल्लामा सबैभन्दा धेरै ५५६ वटा र रुकुमपूर्व जिल्लामा सबैभन्दा कम १६ वटा शाखाहरु सञ्चालनमा रहेका छन् भने दाङमा ३०३, बाँकेमा २५९, बर्दियामा २२६, कपिलवस्तुमा २२५, नवलपरासीमा १८५, पाल्पामा १३०, गुल्मीमा ११४, प्यूठानमा ७६, अर्घाखाँचीमा ६८ र रोल्पामा ६१ वटा शाखाहरु रहेका छन् (***चार्ट ५.२***) ।





*स्रोतः नेपाल राष्ट्र बैंक*

## मोबाईल बैंकिङ्ग तथा ईन्टरनेट बैंकिङ्ग दर्ता सङ्ख्या र शाखा रहित बैंकिङ्ग सेवा

समीक्षा अवधि सम्ममा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुमा ४४ लाख ७१ हजार ३ सय २ मोबाईल बैंकिङ्ग सेवा र २ लाख ६५ हजार ४ सय २ ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता भएका छन् भने बाणिज्य बैंकहरुले २५४ शाखा रहित बैंकिङ्ग सेवा उपलब्ध गराएका छन । समीक्षा अवधिमा कुल मोबाईल बैंकिङ्ग सेवा दर्ता सङ्ख्यामा रुपन्देही जिल्लाको सवैभन्दा धेरै ३२.४८ प्रतिशत र रुकुमपूर्व जिल्लाको सबैभन्दा कम ०.२६ प्रतिशत हिस्सा रहेको छ । यसैगरी, समीक्षा अवधिमा ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता सङ्ख्यामा रुपन्देही जिल्लाको सवैभन्दा धेरै ४९.८५ प्रतिशत र रुकुमपूर्व जिल्लाको सबैभन्दा कम ०.३ प्रतिशत हिस्सा रहेको छ । जिल्लाहरुमा बाणिज्य बैंकहरुको कुल शाखा रहित बैंकिङ्ग सेवा विश्लेषण गर्दा समीक्षा अवधिमा कुल शाखा रहित बैंकिङ्ग सेवामा गुल्मी जिल्लाको सवैभन्दा धेरै १८.९ प्रतिशत र प्युठान जिल्लाको सबैभन्दा कम ०.४ प्रतिशत हिस्सा रहेको छ ***(चार्ट: ५.३ ) ।***

**चार्ट ५.३: मोबाईल, ईन्टरनेट र शाखारहित बैंकिङ्ग सेवाको जिल्लागत हिस्सा (प्रतिशतमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

## कुल निक्षेप

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १.१३ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ३२ अर्व ३० करोड ३७ लाख पुगेको छ । समीक्षा अवधिमा यस प्रदेशको कुल निक्षेपमा रुपन्देही जिल्लाको सवैभन्दा धेरै ४३.९८ प्रतिशत हिस्सा रहेको छ भने रुकुमपूर्व जिल्लाको सबैभन्दा कम ०.२७ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी, कुल निक्षेपमा बाँकेको ११.८३ प्रतिशत, दाङको १०.७० प्रतिशत, कपिलवस्तुको ६.३५ प्रतिशत, नवलपरासी पश्चिमको ६.०७ प्रतिशत, पाल्पाको ५.५१ प्रतिशत, गुल्मीको ५.५० प्रतिशत, अर्घाखाँचीको ३.२१ प्रतिशत, बर्दियाको ३.१८ प्रतिशत, प्यूठानको २.११ प्रतिशत र रोल्पाको १.२८ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ५.३)***।

| तालिका ५.३: निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपात (जिल्लागत) | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | कुल निक्षेप रु. करोडमा | कुल निक्षेपको अंश (प्रतिशतमा) | कुल कर्जा रु. करोडमा | कुल कर्जाको अंश (प्रतिशतमा) | कर्जा/निक्षेप अनुपात (प्रतिशतमा) |
| रुकुम(पूर्व) | ११६.६२ | ०.२७ | ७८.२३ | ०.१४ | ६७.०८ |
| रोल्पा | ५५४.२५ | १.२८ | ३६७.३६ | ०.६७ | ६६.२८ |
| प्यूठान | ९१२.९३ | २.११ | ६४४.८० | १.१७ | ७०.६३ |
| गुल्मी | २३७६.० | ५.५० | ८७५.८९ | १.५९ | ३६.८६ |
| अर्घाखाँची | १३८९.२५ | ३.२१ | ४६२.७० | ०.८४ | ३३.३१ |
| पाल्पा | २३८०.५२ | ५.५१ | १३८९.२५ | २.५३ | ५८.३६ |
| नवलपरासी पश्चिम | २६२७.४९ | ६.०७ | ३६८६.८४ | ६.७० | १४०.३२ |
| रुपन्देही | १९०१४.१७ | ४३.९८ | २६६६९.५३ | ४८.४८ | १४०.२६ |
| कपिलवस्तु | २७४६.२५ | ६.३५ | ३०३१.२० | ५.५१ | ११०.३८ |
| दाङ | ४६२६.८९ | १०.७० | ६९३४.४७ | १२.६ | १४८.९७ |
| बाँके | ५११२.९८ | ११.८३ | ९११६.१५ | १६.५७ | १७८.२९ |
| बर्दिया | १३७२.९८ | ३.१८ | १७५०.४८ | ३.१७ | १२७.४९ |
| **लुम्बिनी प्रदेश** | **४३२३०.३७** | **१००** | **५५००६.९४** | **१००** | **१२७.२४** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### चल्ती निक्षेप

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको चल्ती निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १५.५३ प्रतिशतले ह्रास भई रु.३० अर्ब १२ करोड ६८ लाख ६० हजार पुगेको छ भने २०७९ असार मसान्तमा १४.५१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल निक्षेपमा चल्ती निक्षेपको ६.९७ प्रतिशत हिस्सा रहेको छ ।

### बचत निक्षेप

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको बचत निक्षेप गत वर्षको सोही अवधिको तुलनामा ५.७० प्रतिशतले ह्रास भई रु. १ खर्ब ६६ अर्ब ३५ करोड पुगेको छ भने २०७९ असार मसान्तमा २ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिमा कुल निक्षेपमा बचत निक्षेपको ३८.४८ प्रतिशत हिस्सा रहेको छ ।

### मुद्दती निक्षेप

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको मुद्धती निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १३.०९ प्रतिशतले वृद्धि भई रु. २ खर्ब १३ अर्ब ३८ करोड ४८ लाख पुगेको छ भने २०७९ असार मसान्तमा १२.४० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल निक्षेपमा मुद्धती निक्षेपको ४९.३६ प्रतिशत हिस्सा रहेको छ ।

### अन्य निक्षेप

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले परिचालन गरेको अन्य निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १५.५९ प्रतिशतले ह्रास भई रु. २२ अर्ब ४४ करोड १३ लाख पुगेको छ भने २०७९ असार मसान्तमा ११.५७ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिमा कुल निक्षेपमा अन्य निक्षेपको ५.१९ प्रतिशत हिस्सा रहेको छ ।

### कुल कर्जा

समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ०.३५ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ५० अर्ब ६ करोड ९४ लाख पुगेको छ भने २०७९ असारको तुलनामा २.९२ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको कर्जा/निक्षेप अनुपात १२७.२४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा कुल कर्जामा रुपन्देही जिल्लाको सबैभन्दा धेरै ४८.४८ प्रतिशत हिस्सा रहेको छ भने रुकुमपूर्व जिल्लाको सबैभन्दा कम ०.१४ प्रतिशत हिस्सा रहेको छ । त्यसैगरी, समीक्षा अवधिमा कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै १७८.२९ प्रतिशत बाँके जिल्लामा रहेको छ भने सबैभन्दा कम ३३.३१ प्रतिशत अर्घाखाँची जिल्लामा रहेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुमा ऋणीहरुको सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ७.६६ प्रतिशतले ह्रास भई २ लाख ९१ हजार ४ सय २० पुगेको छ ***(तालिका ५.३)*** ।

### विपन्न वर्ग कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको विपन्न वर्ग कर्जा गत वर्षको सोही अवधिको तुलनामा ५.२५ प्रतिशतले ह्रास भई रु.४० अर्ब २० करोड ६२ लाख पुगेको छ भने गत अवधिमा ४४.०१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल कर्जामा विपन्न वर्ग कर्जाको ७.३१ प्रतिशत हिस्सा रहेको छ ।

### सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको सहुलियतपूर्ण कर्जा गत वर्षको सोही अवधिको तुलनामा ७.६३ प्रतिशतले ह्रास भई रु.३० अर्ब ८१ करोड २ लाख पुगेको छ । समीक्षा अवधिमा कुल कर्जामा सहुलियतपूर्ण कर्जाको ५.६० प्रतिशत हिस्सा रहेको छ ।

## ५.४ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा कर्जा गत वर्षको सोही अवधिको तुलनामा ८.१२ प्रतिशतले वृद्धि भई २ खर्ब ३ अर्ब ९२ करोड ३ लाख भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७.८४ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा सेवा क्षेत्र कर्जाको ३७.०७ प्रतिशत हिस्सा रहेको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल सेवा कर्जामा सबैभन्दा धेरै रुपन्देही जिल्लाको ५०.८६ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्वको ०.०६ प्रतिशत हिस्सा रहेको छ । यसैगरी, कुल सेवा कर्जामा बाँकेको १७.७ प्रतिशत, दाङको ११.०९ प्रतिशत, नवलपरासीको ६.१९ प्रतिशत, कपिलबस्तुको ४.३७ प्रतिशत, बर्दियाको ३.४८ प्रतिशत, पाल्पाको २.१६ प्रतिशत, गुल्मीको १.५४ प्रतिशत, प्युठानको १.१६ प्रतिशत, अर्घाखाँचीको ०.७६ प्रतिशत र रोल्पाको ०.६१ प्रतिशत हिस्सा रहेको छ ***(तालिका ५.४)*** ।

| तालिका ५.४: कुल सेवा कर्जाको जिल्लागत अवस्था (प्रतिशत) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | रकम (रु. करोडमा) | हिस्सा | जिल्ला | रकम (रु. करोडमा) | हिस्सा | जिल्ला | रकम (रु. करोडमा) | हिस्सा |
| रुकुम पूर्व | १२.५३ | ०.०६ | अर्घाखाँची | १५५.४३ | ०.७६ | कपिलबस्तु | ८९१.११ | ४.३७ |
| रोल्पा | १२४.४२ | ०.६१ | पाल्पा | ४४१.४२ | २.१६ | दाङ | २२६१.१४ | ११.०९ |
| प्यूठान | २३७.३१ | १.१६ | नवलपरासी पश्चिम | १२६१.३४ | ६.१९ | बाँके | ३६१.४६ | १७.७२ |
| गुल्मी | ३१३.७८ | १.५४ | रुपन्देही | १०३७१.०० | ५०.८ | बर्दिया | ७०८.९६ | ३.४८ |
| लुम्बिनी प्रदेश | | | | | | | २०३९२.०३ | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ५.५ सहकारी

सहकारी क्षेत्रका अध्ययन विश्लेषण गर्न रुपन्देहीबाट ५, नवलपरासीबाट २, पाल्पाबाट २ र कपिलबस्तुबाट १ तथा नेपालगञ्ज कार्यालय अन्तर्गतबाँके जिल्लाबाट ३ गरी जम्मा १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरु नमूना छनोट गरिएको छ । नमूना छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुको स्थलगत तथा गैरस्थलगत सर्वेक्षण गरी पुँजी, बचत, ऋण, सदस्य सङ्ख्या र रोजगारी सङ्ख्या सम्बन्धी तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

सहकारी संस्थामा बैंक तथा वित्तीय संस्थाको तुलनामा निक्षेपमा बढी ब्याज पाइने र कर्जा लिने प्रक्रिया सजिलो भएकाले सर्वसाधारणको आकर्षण बढेको देखिन्छ । सहकारी संस्थाहरु बिच सदस्य बढाउने अस्वस्थ प्रतिस्पर्धा र अन्तर सहकारी समन्वयको अभावले एउटै व्यक्ति विभिन्न सहकारीमा सदस्य हुने र धेरै संस्थाहरुबाट ऋण उपभोग गर्ने प्रवृती बढेको छ ।

### कुल पुँजी

नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा कुल पुँजी गत वर्षको सोही अवधिको तुलनामा ६.६९ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब १४  करोड ५३ लाख पुगेको छ । गत अवधिमा कुल पुँजी ४४.८५ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ८८ करोड ५२ लाख रहेको थियो ***(तालिका ५.५) ।***

### बचत परिचालन

नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा बचत परिचालन गत वर्षको सोही अवधिको तुलनामा ०.८३ प्रतिशतले वृद्धि भई रु ८ अर्ब ६४ करोड १९ लाख पुगेको छ भने गत अवधिमा वचत परिचालन १५.१५ प्रतिशतले वृद्धि भएको थियो ***(तालिका ५.५)*** ।

### कुल ऋण प्रवाह

नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा कुल ऋण प्रवाह गत वर्षको सोही अवधिको तुलनामा १.८५ प्रतिशतले वृद्धि भई रु ९ अर्ब २८ करोड ३३ लाख पुगेको छ । गत अवधिमा कुल ऋण प्रवाह २५.५१ प्रतिशतले वृद्धि भई ९ अर्ब ११ करोड ४८ लाख रहेको थियो ***(तालिका ५.५) ।***

### सदस्य तथा कर्मचारी सङ्ख्या

अध्ययनमा समेटिएका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा गत वर्षको सोही अवधिको तुलनामा सदस्य सङ्ख्या ७.७३ प्रतिशतले वृद्धि भई १ लाख १ हजार ८ सय ४९ पुगेको छ भने गत अवधिमा ३२.५४ प्रतिशतले वृद्धि भई ९४ हजार ५ सय ४४ रहेको थियो । त्यसैगरि, कर्मचारी सङ्ख्या समीक्षा अवधिमा गत वर्षको सोही अवधिको तुलनामा ३.६९ प्रतिशतले वृद्धि भई ३ सय ३७ पुगेको छ भने गत अवधिमा कर्मचारी सङ्ख्या २४.०५ प्रतिशतले वृद्धि भई ३ सय २५ रहेको थियो ***(तालिका ५.५)।***

**तालिका ५.५: सहकारी सेवा**

| विवरण | २०७७/७८ (साउन-पुस) | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत अवधि | समीक्षा अवधि |
| कुल पुँजी(रु.करोडमा) | २६८.२३ | ३८८.५३ | ४१४.५३ | ४४.८५ | ६.६९ |
| कुल बचत(रु.करोडमा) | ७४४.३१ | ८५७.१० | ८६४.१९ | १५.१५ | ०.८३ |
| कुल ऋण(रु.करोडमा) | ७२६.२१ | ९११.४८ | ९२८.३३ | २५.५१ | १.८५ |
| सदस्य सङ्ख्या | ७१३३० | ९४५४४ | १०१८४९ | ३२.५४ | ७.७३ |
| कर्मचारी सङ्ख्या | २६२ | ३२५ | ३३७ | २४.०५ | ३.६९ |

*स्रोत : नमूना छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरु*

## ५.६ यातायात

लुम्बिनी प्रदेश अर्न्तगतका यातायात व्यवस्था कार्यालयहरुबाट प्राप्त विवरण अनुसार समीक्षा अवधिमा कुल सवारी साधन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १०.५२ प्रतिशतले वृद्धि भई १० लाख ४३ हजार ९५ पुगेको छ । कुल सवारी साधन सङ्ख्यामध्ये मोटरसाईकलको सङ्ख्या १२.२५ प्रतिशतले वृद्धि भई ८ लाख ६३ हजार ६३३ पुगेको छ भने अन्य सवारीसाधनको सङ्ख्या २.८८ प्रतिशतले वृद्धि भई १ लाख ७९ हजार ४६२ पुगेको छ ***(तालिका ५.६)*** ।

**तालिका ५.६ :यातायात सेवा**

| विवरण | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|
| यातायातका साधनको कुल सङ्ख्या | ९४३८१३.०० | १०४३०९५.०० | १०.५२ |
| मोटरसाईकल | ७६९३७६.०० | ८६३६३३.०० | १२.२५ |
| अन्य.. | १७४४३७.०० | १७९४६२.०० | २.८८ |

*स्रोत : बुटवल, नेपालगन्ज र दांङ यातायात व्यवस्था कार्यालय*

## ५.७ फण्ड ट्रान्सफर

लुम्बिनी प्रदेशको नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालय र नेपालगञ्ज कार्यालयहरुको कार्य क्षेत्र अन्तर्गत पर्ने १० वटा जिल्लाहरुमा रहेका नोटकोषहरुमा फण्ड ट्रान्सफर गर्ने गरिन्छ । समीक्षा अवधिमा विभिन्न नोटकोषहरुमा फण्ड ट्रान्सफर गत वर्षको सोही अवधिको तुलनामा १८.७१ प्रतिशतले वृद्धि भई रु. १० अर्ब ९८ करोड रुपैयाँ पुगेको छ ***(तालिका ५.७)*** ।

| तालिका ५.७: फण्ड ट्रान्सफर | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | सिमा | | रकम (रु. करोडमा) | | प्रतिशत परिवर्तन |
| | २०७८/०७९ (साउन-पुस) | २०७९/०८० (साउन-पुस) | २०७८/०७९ (साउन-पुस) | २०७९/०८० (साउन-पुस) | |
| रुकुम(पूर्व) | ३० | ३० | २५ | ४७ | ८८.०० |
| रोल्पा | ३५ | ३५ | ९० | १११.५१ | २३.९० |
| प्यूठान | ३० | ३० | १०५ | १०६.७१ | १.६३ |
| गुल्मी | ५० | ४० | ११५ | १५९.७७ | ३८.९३ |
| अर्घाखाँची | ४० | ४० | १२० | ९२.८२ | -२२.६५ |
| पाल्पा | ४५ | ४५ | १३५ | १७५.२५ | २९.८१ |
| नवलपरासी (पश्चिम) | ४० | ४० | ८० | ११५ | ४३.७५ |
| कपिलवस्तु | ४० | ४० | १४५ | २०० | ३७.९३ |
| दाङ | ११० | ११० | ० | ० | ०.० |
| बर्दिया | ३० | ३५ | ११० | ९० | -१८.१८ |
| **जम्मा** | **४५०.०** | **४४५.०** | **९२५.०** | **१०९८.१** | **१८.७१** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगन्ज कार्यालय*

## ५.८ परिवर्त्य विदेशी मूद्रा

लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुको कार्य क्षेत्र अन्तर्गतकोभिड १९ को प्रभाव कम भएसँगै वाहृय पर्यटकको आगमनमा भएको वृद्धि तथा रेमिटान्समा भएको बढोत्तरीको कारण समीक्षा अवधिमा परिवर्त्य विदेशी मूद्रा खरिद कार्य गत वर्षको सोही अवधिको तुलनामा ४६७.३० प्रतिशतले वृद्धि भई कुल रु. ८९ करोड ३५ लाख खरिद भएको छ । खरिद गरिएको परिवर्त्य विदेशी मूद्राहरुमा अमेरिकी डलर ११३.९४ प्रतिशत, युरो १२९.७५ प्रतिशत र अन्य विदेशी मुद्रा ९३१.१२ प्रतिशतले वृद्धि भएको छ ***(तालिका ५.८)*** ।

| तालिका ५.८: परिवर्त्य विदेशी मूद्रा खरिद विवरण (रु.करोड) | | | | | |
|---|---|---|---|---|---|
| विवरण | २०७७/७८ (साउन-पुस) | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | प्रतिशत परिवर्तन | |
| | | | | गत अवधि | समीक्षा अवधि |
| US$ | १८.५२ | ७.३९ | १५.८१ | -६०.१० | ११३.९४ |
| Euro | ७.५६ | १.५८ | ३.६३ | -७९.१० | १२९.७५ |
| अन्य | २२.४९ | ६.७८ | ६९.९१ | -९.८५ | ९३१.१२ |
| **जम्मा** | **४८.५७** | **१५.७५** | **८९.३५** | **-६७.५७** | **४६७.३०** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगन्ज कार्यालय*

## ५.९ भारतीय मूद्रा

लुम्बिनी प्रदेश अन्तर्गतनेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुबाट भारतीय मूद्रा खरिद तथा बिक्री कार्य निरन्तर हुदै आइरहेको छ । भारतीय मूद्रामा समेत भुक्तानी हुने गरी बैंक तथा वित्तीय संस्थाहरबाट

ए.टि.एम., क्रेडिट कार्ड, क्यु.आर.कोड लगायत अन्य सहज र सुरक्षित विद्युत्तीय भुक्तानी सेवाहरु उपलब्ध भएको कारण समीक्षा अवधिमा भारतीय मुद्राको बिक्री गत वर्षको सोही अवधिको तुलनामा ८०.४५ प्रतिशतले ह्रास भई रु. ९ करोड २७ लाख भएको देखिन्छ । यसैगरी, समीक्षा अवधिमा भारतीय मुद्रा खरिद गत वर्षको सोही अवधिको तुलनामा २४.६२ प्रतिशतले ह्रास भई कुल ४९ लाख बराबर खरिद भएको छ । ***(तालिका ५.९)।***

**तालिका ५.९: भारतीय मूद्रा खरिद बिक्री विवरण**

| विवरण | २०७७/७८ (साउन-पुस) | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत अवधि | समीक्षा अवधि |
| भा.रु. खरिद (रु. करोडमा) | २.४७ | ०.६५ | ०.४९ | - ७३.६८ | - २४.६२ |
| भा.रु बिक्री (रु. करोडमा) | ६१.१४ | ४.४५ | ०.८७ | - ९२.७२ | - ८०.४५ |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगन्ज कार्यालय*

## ५.१० मनिचेञ्जर तथा विदेशी मूद्रा सटही एजेन्सी

समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालय र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयबाट इजाजतपत्र प्राप्त मनिचेञ्जर तथा विदेशी मूद्रा सटही एजेन्सीहरुको सङ्ख्या ७० रहेको छ । जसमध्ये, मनिचेञ्जर ५९, होटल/रिसोर्ट ९, ट्राभल एजेन्सी १ र अन्यमा १ रहेका छन । कुल एजेन्सीहरुमा सबै भन्दा धेरै रुपन्देही जिल्लामा ४४ वटा र सवै भन्दा कम बर्दियामा १ वटा रहेका छन् भने बाँकेमा १३, कपिलवस्तुमा ९ र नवलपरासी(पश्चिम)मा ३ वटा रहेका छन् ***(तालिका ५.१०)।***

**तालिका ५.१०: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण**

| जिल्ला | मनिचेञ्जर | होटेल/रिसोर्ट | ट्राभल एजेन्सी | ट्रेकिङ | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| नवलपरासी पश्चिम | ३ | | | | | ३ |
| रुपन्देही | ३८ | ४ | १ | | १ | ४४ |
| कपिलवस्तु | ९ | | | | | ९ |
| बाँके | ९ | ४ | | | | १३ |
| बर्दिया | | १ | | | | १ |
| **जम्मा** | **५९** | **९** | **१** | | **१** | **७०** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगन्ज कार्यालय*

## ५.११ सेवा क्षेत्रका सम्भावना र चुनौती

### सम्भावना

- यस प्रदेशमा रहेको पर्यटकीय गन्तव्य लुम्बिनी, गौतमबुद्ध अन्तर्राष्ट्रिय बिमानस्थलका कारण बैंक तथा वित्तीय संस्थाहरुले होटल क्षेत्रमा गरेको ठुलो लागानीबाट पर्यटकीय गतिविधि तथा रोजगारी बढ्ने सम्भावना रहेको ।
- यस प्रदेशको बुटवलमा सञ्चालमा आएको लुम्बिनी केवलकार, सोहि क्षेत्रमा निर्माणाधिन सिद्धार्थ केवलकारको सञ्चालन पश्चात आर्थिक गतिविधि तथा रोजगारी वृद्धि हुने सम्भावना रहेको ।
- यस क्षेत्रका मुख्य पर्यटकीय स्थलहरुलाई समेटी प्याकेज निर्माण गर्न सकेमा भारतबाट स्थलमार्ग हुदै आउने पर्यटकहरुको बसाई अवधि लम्ब्याउन सकिने सम्भावना रहेको ।

- लुम्बिनी प्रदेश सरकारवाट घोषणा भएका स्वास्थ्य सुधार सम्बन्धी विभिन्न कार्यक्रमहरुका कारण गुणस्तरीय स्वास्थ्य सेवा विस्तार हुने सम्भावना रहेको ।
- लुम्बिनी प्रदेशमा सहकारी संस्थाहरुको बाक्लो उपस्थितिका कारण न्यून आय भएका नागरिकहरुको बचतले हुने पुँजी निर्माणबाट रोजगारी सिर्जना र जीवनस्तर सुधार गर्न सकिने उच्च सम्भावना रहेको ।

### चुनौती

- यस प्रदेशका पर्यटकीय स्थलहरुमा आवश्यक पर्ने पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटकहरुको बसाई अवधि लम्ब्याउने कार्य ।
- यस प्रदेशमा ठुलो लगानीमा निर्माण भएका होटलहरु पूर्ण क्षमतामा सञ्चालन गर्ने कार्य ।
- यस प्रदेशमा रहेका सामुदायिक विद्यालयहरुमा विद्यार्थी आकर्षित गरी गुणस्तरीय शिक्षा मार्फत प्रतिस्पर्धी बनाउने कार्य ।
- बढ्दो यातायातका सवारीसाधनहरुलाई सहज तरिकाले सञ्चालन गर्न आवश्यक पर्ने गुणस्तरीय पूर्वाधारहरुको निर्माण एवम् सुरक्षित यातायात सेवा सञ्चालन गर्ने कार्य ।
- यस क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलहरु पूर्ण क्षमतामा सञ्चालन गर्ने कार्य ।
- वातावरण मैत्री विद्युतीय सवारी साधन सञ्चालन गर्न आवश्यक पूर्वाधार निमार्ण गर्ने कार्य ।
- बचत तथा ऋण सहकारी संस्थाहरु प्रति जनताको विश्वसनीयता कायम गराउन प्रभावकारी नियमन तथा सुपरिवेक्षण गर्ने कार्य ।

# परिच्छेद ६
# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

लुम्बिनी प्रदेशमा पूर्वाधार क्षेत्र अन्तर्गत राष्ट्रिय गौरवका आयोजना, निजी क्षेत्रबाट संचालित आयोजना तथा केन्द्रीयस्तरका आयोजनाहरु मध्ये नमूना छनौटमा परेका ५ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतीहरुको संक्षिप्त जानकारी देहाय बमोजिम समावेश गरिएको छ ।

### बबई सिँचाइ ँ आयोजना

बर्दिया जिल्लाको ३६००० हेक्टर कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याई कृषि उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धि मार्फत् कृषकहरुको जीवनस्तर माथि उठाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ यो आयोजनाको निर्माण कार्य मिति २०४४ साल साउन ५ गते शुरु भएको हो । यस आयोजनाको कुल संशोधित लागत रु.१८ अर्व ९६ करोड रहेको छ । यस आयोजनाको गत आ.ब.को असार मसान्तसम्म भौतिक प्रगति ६२.२३ प्रतिशत रहेको छ । आयोजनामा आर्थिक वर्ष २०७९/८० को विनियोजन बजेट १ अर्व ५२ करोड ८४ लाख मध्ये २०७९ पुस मसान्तसम्म ४८ करोड १६ लाख खर्च भएको छ ।

### लुम्बिनी विकास कोष

बृहत्तर लुम्बिनी क्षेत्रको विकासका लागि लुम्बिनी विकास कोषद्वारा संचालित लुम्बिनी गुरुयोजना नवलपरासी रामग्राम, रुपन्देही र कपिलवस्तु जिल्लाको १ हजार १ सय ५५ विगाहा क्षेत्रफलमा फैलिएको छ । आर्थिक वर्ष २०६९/७० मा सुरु भएको उक्त आयोजनाको संशोधित लागत १३ अर्व २६ करोड रहेकोमा आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म ६ अर्व ७० करोड ४ लाख खर्च भई ८७ प्रतिशत भौतिक प्रगति हासिल भएको छ । चालु आर्थिक वर्ष २०७९/८० का लागि १ अर्व ५५ करोड बजेट विनियोजन भएकोमा पुस मसान्तसम्म ३७ करोड ४५ लाख खर्च भई २४.१६ प्रतिशत भौतिक प्रगति हासिल भएको छ ।

### सिद्धबाबा सुरुङ मार्ग योजना

नेपाल सरकारको पूर्ण लगानीमा पाल्पा जिल्लाको तिनाउ गाउँपालिका अन्तर्गत बुटवल-पाल्पा सडक खण्डमा निमार्ण हुन लागेको सिद्धबाबा सुरुङ मार्ग मिति २०७८/११/२५ मा ठेक्का सम्झौता भई निर्माण कार्य अघि बढेको छ । ठेक्का सम्झौता रकम रु.७,३४,२१,०४,७३४।१४ रहेको उक्त योजनामा सुरुङ मार्गको लम्वाई ११२६ मिटर रहेको छ भने चौडा गरी सुधार गरिने सडकको लम्बाई २४०० मिटर रहेको छ । १० वर्षमा निर्माण सम्पन गर्ने गरी सम्झौता भएको उक्त योजनाको पहिलो ५ वर्षको चरण अन्तर्गत Engineering, Procurement र Construction रहेको छ भने दोस्रो ५ वर्षको दोस्रो चरण अन्तर्गत Warranty, Operation र Maintenance रहेको छ । यस परियोजनामा कुल १०० जना कामदारले रोजगारी प्राप्त गरेकोमा ७५ जना स्वदेशी कामदार तथा २५ जना बिदेशी कामदार कार्यरत रहेका छन् ।

### सिक्टा सिँचाई आयोजना

बाँके जिल्लामा अवस्थित सिक्टा सिँचाइ आयोजना आर्थिक वर्ष २०६१/६२ बाट सञ्चालनमा रहेको छ । कुल ४२,७६६ हेक्टर जमिनमा सिंचाइ गर्ने क्षमता रहेको यो आयोजनाको कुल लागत २५ अर्व २ करोड रहेको छ । आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म यस आयोजनाले ७५.५० प्रतिशत भौतिक प्रगति हासिल गरेको छ । चालु आर्थिक वर्ष २०७९/८० मा १ अर्व ८८ करोड ६८ लाख बजेट विनियोजन भएकोमा २०७९ पुस मसान्तसम्म ३७ करोड २० लाख खर्च भएको छ भने २०.४६ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ ।

### भेरी-बबई डाइभर्सन बहुउद्देयीय आयोजना

सुर्खेत, बाँके र बर्दिया जिल्लामा ५१००० हेक्टर सिँचाइ सुविधा पुऱ्याउने र ४६.८ मेगावाट विद्युत उत्पादन हुने गरी निर्माण शुरु गरिएको भेरी-बबई डाइभर्सन बहुउद्देयीय आयोजनाको कुल प्रारम्भिक लागत १६ अर्व ४३ करोड ३० लाख तथा संशोधित लागत ३६ अर्व ८० करोड ७७ लाख रहेको छ । आर्थिक वर्ष २०७८/७९ मा यस आयोजनाले ५७ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ । चालु आर्थिक वर्ष २०७९/८० का लागि विनियोजित रकम २ अर्व २७ करोड ७८ लाख रहेकोमा पुस मसान्तसम्म ३२ करोठ ८७ लाख खर्च भई १९.३८ प्रतिशत भौतिक प्रगति भएको छ। हालसम्मको भौतिक प्रगतिमा Settling basin र पावरहाउसको निर्माण कार्य भइरहेको तथा हाईड्रोमेकानिकल निर्माण कार्यको सम्झौता सम्पन्न भएको छ।

## ६.२ पूर्वाधार क्षेत्रका सम्भावना र चुनौती

### सम्भावना

- सिँचाइ आयोजनाहरुको निर्माण कार्य सम्पन्न भए पश्चात् पर्याप्त सिँचाइ सुविधा उपलब्ध भई कृषि उत्पादन वृद्धि हुने सम्भावना रहेको ।
- महेन्द्रराज मार्ग अन्तर्गत नारायणगढ-बुटवल सडक खण्डको स्तरोन्नती पश्चात् यस प्रदेशको आर्थिक गतिविधि बढ्ने सम्भावना रहेको ।
- कालिगण्डकी करिडोर सञ्चालन पश्चात मित्रराष्ट्र भारत तथा चीनबाट यस क्षेत्रमा आउने पर्यटकहरुको सङ्ख्यामा बृद्धि हुने ।
- सिद्धबाबा सुरुङ मार्ग निर्माण सम्पन्न भए पश्चात् बुटवल-पाल्पा सडक खण्डको यात्रा सुरक्षित तथा सहज हुने ।
- लुम्बिनी विकासकोष गुरुयोजना सम्पन्न भए पश्चात् पर्यटकीय तथा आर्थिक गतिविधि विस्तार भई थप रोजगारीको अवसर समेत सिर्जना हुने ।

### चुनौती

- यस प्रदेशमा निर्माणाधिन रहेका विभिन्न आयोजनाहरुमा जोखिम न्यूनिकरण गरी सुरक्षित कार्य वातावरण सिर्जना गर्ने कार्य ।
- राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रका आयोजनाहरुको निर्माण कार्यका लागी आवश्यक पर्ने मेशिनरी उपकरण तथा निर्माण सामाग्रीहरुको सहज ढुवानी गर्ने कार्य ।
- तराईका विभिन्न जिल्लाहरुमा बाढी, भुक्षय, डुवान र कटान जस्ता समस्या समाधान गर्ने गरी पुर्वाधार निर्माण कार्य ।
- भौगोलिक जटिलताका कारण सिद्धबाबा सुरुङ मार्ग समयमै सम्पन्न गर्ने कार्य ।
- यस प्रदेशमा निर्माणाधीन विभिन्न ठुला आयोजनाहरुमा स्रोतको सुनिश्चित गरी समयमै सम्पन्न गर्ने कार्य ।

## ६.३ रोजगारी

### प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशमा कुल १०१९ आयोजना छनोट गरिएको छ । यस कार्यक्रममा १,०३,९३८ जना बेरोजगार सूचिकृत भएकोमा १,८३४ जनाले रोजगारी प्राप्त गर्दा कुल १,०५,४९९.८ रोजगारी दिन रहेको देखिन्छ । तथ्याङ्क अनुसार सबै भन्दा बढी बरोजगार सङ्ख्या (१६१३७) बर्दिया जिल्लामा तथा कम बेरोजगार सङ्ख्या (३२९६) नवलपरासी पश्चिम जिल्लामा रहेको छ (***तालिका ६.१*** )।

**तालिका ६.१ :जिल्लागत रोजगारीको विवरण ( आ.व.२०७९साउनदेखी पुस मसान्तसम्म)**

| जिल्ला | आयोजना सङ्ख्या | सूचीकृत बेरोजगार सङ्ख्या | कुल रोजगारी प्राप्त सङ्ख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| रुकुम पूर्व | १६ | ३५०८ | १७ | १६०० |
| रोल्पा | २०६ | ११३०४ | ३१५ | १९४९८ |
| प्युठान | १३० | १२५०९ | ५३ | ५२७९ |
| गुल्मी | ३२५ | १२६०३ | २९० | १११२३.५ |
| अर्घाखाँची | ६ | १०५७१ | ० | ० |
| पाल्पा | ४७ | ५६१० | २०८ | १८८६७.८ |
| नवलपरासी पश्चिम | ८ | ३२९६ | ६३ | ५४२३ |
| रुपन्देही | ४२ | ५६०९ | ५६ | ३४०४ |
| कपिलवस्तु | ८३ | ७३८६ | १४८ | ५१३९.५ |
| दांङ | १७ | ७३५८ | १८८ | ६७३८ |
| बांके | ९५ | ८०४७ | १३४ | ९०६० |
| बर्दिया | ४४ | १६१३७ | ३९२ | १९३६७ |
| **जम्मा** | **१०१९** | **१०३९३८** | **१८६४** | **१०५४९९.८** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७९*

### वैदेशिक रोजगारी

लुम्बिनी प्रदेशमा पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसक्नु, पछिल्लो समय उद्योग लगायतका क्षेत्रहरुमा भएको रोजगारी कटौटी, भारतिय बजारसँग नजिकको दुरी, स्थानीय बजारमा न्यून पारिश्रमिक तथा कुल ग्रार्हस्थ्य उत्पादनमा सबै भन्दा बढि योगदान (२९.८ प्रतिशत ) कृषि क्षेत्रको हुँदा समेत यस प्रदेशमा रोजगारीको आकर्षण हुन नसकेकोले हरेक वर्ष वैदेशिक रोजगारीमा जानेको सङ्ख्यामा वृद्धि हुँदै गइरहेको छ । लुम्बिनी प्रदेशमा आ.व. २०७९/८० साउनदेखि पुससम्मको तथ्याङ्क हेर्दा ७४,०२१ जनाले श्रम स्वीकृति लिएका छन् । यस प्रदेशमा आ.व. २०७८/७९ को साउनदेखि पुसको तुलनामा आ.व.२०७९/८० को सोही अवधिमा वैदेशिक श्रम स्वीकृति लिनेको सङ्ख्या करिब २३.६५ प्रतिशतले वृद्धि भएको देखिन्छ (***तालिका ६.२*** )।

**तलिका ६.२ :जिल्लागत वैदेशिक रोजगारी श्रम स्वीकृति लिनेको विवरण(२०७९ साउन देखी पुस सम्म)**

| जिल्ला | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | कुल |
|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | ५४४ | ६७० | ७९७ | ११६९ | ९८६ | ८८९ | **५०५५** |
| बाँके | ८२४ | ९८३ | ९१४ | ११५४ | ९७२ | १०२४ | **५८७१** |
| बर्दिया | ६३५ | ८६० | ८०१ | १०१० | ८८३ | ८३८ | **५०२७** |
| दाङ | १४६३ | १८७५ | १५५२ | १८२६ | १६४८ | १४५६ | **९८२०** |
| गुल्मी | ८३२ | ८३५ | ८६७ | १२९१ | १११६ | ९९८ | **५९३९** |
| कपिलवस्तु | १३३८ | १५७३ | १३६२ | १३१२ | ११९१ | १३७२ | **८१४८** |
| नवलपरासी | १९५१ | ११७६ | ६९२ | ९६२ | ९३६ | ७८३ | **६५००** |
| पाल्पा | ७२३ | ९५८ | ८६४ | १२५३ | ९९३ | ८९५ | **५६८६** |
| प्युठान | ४९९ | ५८५ | ४१७ | ५९८ | ५९८ | ६४९ | **३३४६** |
| रोल्पा | ७२९ | ९१० | ७५२ | ८९८ | ८९३ | ९५७ | **५१३९** |
| रुपन्देही | १९०३ | २२२८ | २०४८ | २२५३ | २०२६ | १८२१ | **१२२७९** |
| पुर्वि रुकुम | | ३४ | ३७० | २७१ | २६२ | २७४ | **१२११** |
| **जम्मा** | **११४४१** | **१२६८७** | **११४३६** | **१३९९७** | **१२५०४** | **११९५६** | **७४०२१** |

*स्रोत : वैदेशिक रोजगार विभाग*

## ६.४ रोजगारीका सम्भावना तथा चुनौती

### सम्भावना

- कुल गार्हस्थ्य उत्पादनमा २९.८ प्रतिशत योगदान गरेको लुम्बिनी प्रदेशको कृषि क्षेत्रलाई यान्त्रिकरण गर्न सके कृषि क्षेत्रमा रोजगारी दर बढ्न सक्ने सम्भावना रहेको ।
- प्राविधिक शिक्षाको पहुच बढ्दै गएको र आर्थिक गतिबिधिहरु विस्तार हुदै गएको कारण यस प्रदेशमा उत्पादनमुलक रोजगारीको सिर्जना हुने सम्भावना रहेको ।
- यस प्रदेशमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेको हुनाले पर्यटकहरुको आगमन बढेसँगै पर्यटन क्षेत्रमा रोजगारी बढ्ने सम्भावना रहेको ।
- बेरोजगार व्यक्तिहरुलाई व्यवसायिक तथा सीप विकास तालिम र सहुलियतपूर्ण कर्जा उपलब्ध गराई स्वरोजगार बनाउने सम्भावना रहेको ।
- यस प्रदेशमा होटल, रेष्टुरेन्ट तथा रिसोर्टको सङ्ख्या बढेसँगै रोजगारीको अवस्था बढ्ने सम्भावना रहेको ।

### चुनौती

- कृषि क्षेत्रमा युवा वर्गलाई आकर्षित गर्दै कृषि उत्पादन वृद्धि गरी थप रोजगारी सिर्जना गर्ने कार्य ।
- श्रम शक्तिलाई विभिन्न तालिम/प्रशिक्षण मार्फत् दक्ष र व्यवसायिक बनाई यस प्रदेशमा टिकाई राख्ने कार्य ।
- बैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रबिधि र अनुभवलाई स्वदेशमा उत्पादनशील क्षेत्रमा व्यवस्थापन गर्ने कार्य ।
- स्थापित उद्योग, कलकारखानाहरुको प्रर्वद्धन तथा नव निर्माण मार्फत प्रदेशमा लगानी विस्तार गरी रोजगारी वृद्धि गर्ने कार्य ।
- श्रम वजारमा रहेका श्रमीकहरुलाई प्रविधिमैत्री बनाउने कार्य ।
- यस प्रदेशमा पछिल्लो समय पर्यटन तथा सेवा क्षेत्रमा भएको वृद्धिलाई दिगो र भरपर्दो बनाउने कार्य ।

# परिच्छेद ७

# प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ प्रादेशिक सरकारी बजेटको प्रगति अवस्था

### खर्च

आर्थिक वर्ष २०७९/८० को साउन देखी पुस मसान्त सम्ममा लुम्बिनी प्रदेश सरकारको कुल खर्च गत वर्षको सोही अवधिको तुलनामा २४.२६ प्रतिशतले वृद्धि भई रु.७ अर्व ८६ करोड ६८ लाख पुगेको छ भने गत अवधिमा कुल खर्च रु. ६ अर्व ३३ करोड ११ लाख रहेको थियो। जसमध्ये, चालु खर्च २१.१३ प्रतिशतले वृद्धि भई ४ अर्व २१ करोड ४४ लाख पुगेको छ भने पुँजीगत खर्च २८.०८ ले वृद्धि भई ३ अर्व ६४ करोड ९४ लाख पुगेको छ ( **तालिका: ७.१**) ।

| तालिका ७.१ : सरकारी खर्च स्थिती (रु. करोडमा) | | | |
|---|---|---|---|
| **शीर्षक** | **आ.व. २०७८/७९ (साउन-पुस)** | **आ.व. २०७९/८० (साउन-पुस)** | **प्रतिशत परिवर्तन** |
| **चालु खर्च** | ३४८.१८ | ४२१.४४ | २१.१३ |
| **पुँजीगत खर्च** | २८४.९३ | ३६४.९४ | २८.०८ |
| **वित्तीय व्यवस्था** | ० | ० | ० |
| **कुल खर्च** | **६३३.११** | **७८६.६८** | **२४.२६** |

*स्रोत :प्रदेश लेखा नियन्त्रक कार्यालय, बुटवल*

### राजश्व

आर्थिक वर्ष २०७९/८० को साउन देखी पुस मसान्त सम्ममा लुम्बिनी प्रदेश सरकारको कुल राजश्व गत वर्षको सोही अवधिको तुलनामा २५.२७ प्रतिशतले ह्रास भई रु. ५ अर्व १९ करोड ६० लाख संकलन भएको छ। गत वर्षको सोही अवधिमा कुल राजश्व संकलन रु. ६ अर्व ९५ करोड ३२ लाख भएको थियो। गत वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा कर राजश्व परिचालन २६.५३ प्रतिशतले न्यून भई रु.३ अर्व ८५ करोड २६ लाख पुगेको छ भने गत अवधिमा उक्त राजश्व रु.५ अर्व २४ करोड ३८ लाख परिचालन भएको थियो। त्यसैगरी गैर कर राजश्व परिचालन २३.५१ प्रतिशतले वृद्धि भई रु. ६८ करोड २५ लाख पुगेको छ  भने गत अवधिमा गैरकर राजश्व परिचालन रु. ५५ करोड २६ लाख रहेको थियो। यसैगरी,  अन्य राजश्व परिचानल ४२.८६ प्रतिशतले घटेर रु. ६६ करोड ९ लाख पुगेको छ भने गत अवधिमा रु. १ अर्व १५ करोड ६७ लाख रहेको थियो (**तालिका :७.२** ) ।

| तालिका ७.२ : प्रादेशिक सरकारी राजश्व (रु.करोडमा) | | | |
|---|---|---|---|
| **शीर्षक** | **आ.व. २०७८/७९ (साउन-पुस)** | **आ.व. २०७९/८० (साउन-पुस)** | **प्रतिशत परिवर्तन** |
| कर राजश्व | ५२४.३८ | ३८५.२६ | -२६.५३ |
| गैर कर राजश्व | ५५.२६ | ६८.२५ | २३.५१ |
| अन्य | ११५.६७ | ६६.०९ | -४२.८६ |
| **कुल राजश्व** | **६९५.३२** | **५१९.६०** | **-२५.२७** |

*स्रोत :प्रदेश लेखा नियन्त्रक कार्यालय, बुटवल*

### अनुदान तथा हस्तान्तरण

समीक्षा अवधिमा समानीकरण अनुदान गत वर्षको सोही अवधिको तुलनामा ६.४३ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब २७ करोड ८ लाख पुगेको छ भने गत अवधिमा उक्त अनुदान रु.४ अर्ब १ करोड २८ लाख रहेको थियो । त्यसैगरी, समीक्षा अवधिमा सशर्त अनुदान प्राप्ती रु. २ अर्ब ४५ करोड ३९ लाख रहेको छ (**तालिका: ७.३** ) ।

| तालिका ७.३ : प्रादेशिक अनुदान तथा हस्तान्तरण (रु. करोडमा) | | | |
|---|---|---|---|
| **शीर्षक** | **आ.व. २०७८/७९ (साउन-पुस)** | **आ.व. २०७९/८० (साउन-पुस)** | **प्रतिशत परिवर्तन** |
| समानीकरण | ४०१.२८ | ४२७.०८ | ६.४३ |
| समपूरक | ०.०० | ०.०० | ०.०० |
| विशेष | ०.०० | ०.०० | ०.०० |
| **सशर्त** | **०.००** | **२४५.३९** | **०.००** |

*स्रोत :प्रदेश लेखा नियन्त्रक कार्यालय, बुटवल*

## ७.२ स्थानीय तहको बजेटको प्रगति अवस्था

### खर्च

लुम्बिनी प्रदेशका १०९ वटा स्थानीय तहहरु मध्ये छनोटमा परेका ४ उप-महानगरपालिका पालिकाहरु (बुटवल उप-महानगरपालिका, तुलसीपुर उप-महानगरपालिका, घोराही उप-महानगरपालिका र नेपालगञ्ज उप-महानगरपालिका) र १ नगरपालिका (सिद्धार्थनगर नगरपालिका) को समीक्षा अवधिमा एकीकृत कुल खर्च गत वर्षको सोही अवधिको तुलनामा ३५.०१ प्रतिशतले ह्रास भई रु. २ अर्ब ३७ करोड ४ लाख भएको छ । कुल खर्च अन्तर्गतचालु खर्च १६.५४ प्रतिशत, पुँजीगत खर्च ६७.६२ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ४७.५३ प्रतिशतले ह्रास भएको देखिन्छ (**तालिका** ७.४) ।

| तालिका ७.४: छनौटमा परेका स्थानीय तहहरुको एकिकृत बजेट (रु.करोडमा) | | | | | |
|---|---|---|---|---|---|
| **उप-शिर्षक** | **आ.व. २०७८/७९ (साउन-पुस)** | | **आ.व. २०७९/८० (साउन-पुस)** | | **प्रतिशत परिवर्तन** |
| | विनियोजित | वास्तविक | विनियोजित | वास्तविक | |
| **कुल खर्च** | **८६७.६८** | **३६४.७१** | **७५९.७१** | **२३७.०४** | **- ३५.०१** |
| चालु खर्च | ४०६.५६ | २३१.३२ | ४३३.८६ | १९३.०६ | **- १६.५४** |
| पुँजीगत खर्च | ४५९.०४ | १२९.४९ | ३२२.८४ | ४१.९३ | **- ६७.६२** |
| वित्तीय व्यवस्था | २.०८ | ३.८९ | ३.०० | २.०४ | **- ४७.५३** |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

कुल खर्चको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा अवधिमा कुल अनुमानित खर्चको सिद्धार्थनगर नगरपालिकाले २२.६१ प्रतिशत, बुटवल उप-महानगरपालिकाले २२.९९ प्रतिशत, तुलसीपुर उप-महानगरपालिकाले २४.१४ प्रतिशत, घोराही उप-महानगरपालिकाले ५२.१२ प्रतिशत र नेपालगञ्ज उप-महानगरपालिकाले ५३.६२ प्रतिशत गरेको देखिन्छ ***(तालिका ७.५ )***।

| तालिका ७.५: छनौटमा परेका स्थानीय तहहरुको खर्च स्थिति (रु.करोडमा) | | | |
|---|---|---|---|
| **स्थानीय तहको नाम** | विनियोजित | वास्तविक खर्च | वास्तविक खर्च (प्रतिशत) |
| सिद्धार्थनगर नगपालिका | १३४.५४ | ३०.४२ | २२.६१ |
| बुटवल उप-महानगरपालिका | २३५.०० | ५४.०२ | २२.९९ |
| तुल्सीपुर उप-महानगरपालिका | १८६.०७ | ४४.९३ | २४.१५ |
| घोराही उप-महानगरपालिका | ११७.३७ | ६१.१७ | ५२.१२ |
| नेपालगञ्ज उप-महानगरपालिका | ८६.७१ | ४६.४९ | ५३.६२ |
| **कुल खर्च रकम** | **७५९.७१** | **२३७.०४** | **३१.२०** |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

## राजश्व

छनौटमा परेका स्थानीय तहहरुको समीक्षा अवधिमा कुल राजश्व संकलन गत वर्षको सोही अवधिको तुलनामा ४८.७५ प्रतिशतले ह्रास भई रु. १ अर्ब ३४ करोड ९५ लाख भएको छ। कुल राजश्व संकलन अन्तर्गतकर राजश्व ४२.९९ प्रतिशत, गैरकर राजश्व ६०.५१ प्रतिशत र अन्य २९.७८ प्रतिशतले ह्रास भएको देखिन्छ ***(तालिका ७.६)***।

| तालिका ७.६: छनौटमा परेका स्थानीय तहहरुको एकिकृत राजश्व (रु.करोडमा) | | | | | |
|---|---|---|---|---|---|
| **उप-शिर्षक** | **आ.व. २०७८/७९ (साउन-पुस)** | | **आ.व. २०७९/८० (साउन-पुस)** | | **प्रतिशत परिवर्तन** |
| | विनियोजित | **वास्तविक** | विनियोजित | **वास्तविक** | |
| **कुल राजश्व** | ३३५.४९ | २६३.३४ | २८५.७९ | १३४.९५ | – ४८.७५ |
| कर राजश्व | २०२.४४ | १३९.९६ | १७७.४७ | ७९.७८ | – ४२.९९ |
| गैर कर राजश्व | ११५.७५ | १०२.४२ | ९४.९२ | ४०.४५ | – ६०.५१ |
| अन्य | १७.२९ | २०.९६ | १३.४० | १४.७१ | – २९.७८ |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

कुल राजश्व संकलनको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा अवधिमा स्थानीय निकायहरुले कुल अनुमानित राजश्वको ४७.२२ प्रतिशत संकलन गरेका छन् जसमध्ये तुलसीपुर उप-महानगरपालिकाले १०९.९६ प्रतिशत, घोराही उप-महानगरपालिकाले १०९.८६ प्रतिशत, बुटवल उप-महानगरपालिकाले ४५.७६ प्रतिशत, सिद्धार्थनगर नगपालिकाले अनुमानित राजश्वको २८.०८ प्रतिशत, र नेपालगञ्ज उप-महानगरपालिकाले २३.९५ प्रतिशत राजश्व संकलन गरेका छन् ***(तालिका ७.७)***।

| तालिका ७.७ : छनौटमा परेका स्थानीयतहहरुको राजश्व (रु.करोडमा) | | | |
|---|---|---|---|
| **कार्यालयको नाम** | **विनियोजित** | **वास्तविक** | **वास्तविक राजश्व (प्रतिशत)** |
| सिद्धार्थनगर नगरपालिका | २०.६१ | ५.७८ | २८.०८ |
| बुटवल उप-महानगरपालिका | २१९.१७ | १००.३८ | ४५.७६ |
| तुलसीपुर उप-महानगरपालिका | ६.१५ | ६.७६ | १०९.९६ |
| घोराही उप-महानगरपालिका | १४.५० | १५.९४ | १०९.८६ |
| नेपालगञ्ज उप-महानगरपालिका | २५.३५ | ६.०७ | २३.९५ |
| **जम्मा** | **२८५.७९** | **१३४.९५** | **४७.२२** |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

## अनुदान तथा हस्तान्तरण

छनौटमा परेका स्थानीय तहहरुको समीक्षा अवधिमा कुल अनुदान तथा हस्तान्तरण रकम गत वर्षको सोही अवधिको तुलनामा १४.१२ प्रतिशतले ह्रास भई रु. २ अर्ब २४ करोड ४९ लाख भएको देखिन्छ । कुल अनुदान तथा हस्तान्तरण अन्तर्गतसमानीकरण अनुदान ३६.६५ प्रतिशत, समपुरक अनुदान १२.८ प्रतिशत र विशेष अनुदान ५८.५८ प्रतिशतले ह्रास भएको छ भने सशर्त अनुदान ६.३१ प्रतिशतले वृद्धि देखिन्छ ***(तालिका ७.८)*** ।

| तालिका ७.८: छनौटमा परेका स्थानीय तहहरुको एकिकृत अनुदान तथा हस्तान्तरण (रु.करोडमा) | | | | | |
|---|---|---|---|---|---|
| **उप-शिर्षक** | **२०७८/७९ (साउन-पुस)** | | **२०७९/८० (साउन-पुस)** | | **प्रतिशत परिवर्तन** |
| | विनियोजित | प्राप्ती | विनियोजित | प्राप्ती | |
| **कुल अनुदान तथा हस्तान्तरण** | ४२४.२२ | २६१.४१ | ३७९.३६ | २२४.४९ | -१४.१२ |
| समानीकरण | २०५.७५ | ११६.२७ | १३०.०९ | ७३.६५ | -३६.६५ |
| समपुरक | ३७.३५ | ६.२५ | २९.६६ | ५.४५ | -१२.८० |
| विशेष | १०.७२ | ३.४९ | १३.०१ | १.४४ | -५८.५८ |
| सशर्त | १७०.३९ | १३५.३९ | २०६.५८ | १४३.४३ | ६.३१ |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

कुल अनुदान तथा हस्तान्तरणको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा अवधिमा विनियोजित अनुदान तथा हस्तान्तरणमा सिद्धार्थनगर नगरपालिकाले ४१.१९ प्रतिशत, बुटवल उप-महानगरपालिकाले ५१.५९ प्रतिशत, तुलसीपुर उप-महानगरपालिकाले २५.९४ प्रतिशत, घोराही उप-महानगरपालिकाले ११४.२३ प्रतिशत र नेपालगञ्ज उप-महानगरपालिकाले १००.४८ प्रतिशत हिस्सा प्राप्त गरेको देखिन्छ ***(तालिका ७.९)*** ।

| तालिका ७.९ : छनौटमा परेका स्थानीय तहहरुको अनुदान तथा हस्तान्तरण(रु.करोडमा) | | | |
|---|---|---|---|
| **कार्यालयको नाम** | विनियोजित | प्राप्ती | अनुदान तथा हस्तान्तरणको हिस्सा (प्रतिशत) |
| सिद्धार्थनगर नगरपालिका | ६१.४७ | २५.३२ | ४१.१९ |
| बुटवल उप-महानगरपालिका | १००.३६ | ५१.८१ | ५१.५९ |
| तुलसीपुर उप-महानगरपालिका | १०६.३९ | २७.५९ | २५.९४ |
| घोराही उप-महानगरपालिका | ५९.४४ | ६७.९० | ११४.२३ |
| नेपालगञ्ज उप-महानगरपालिका | ५१.६१ | ५१.८६ | १००.४८ |
| **जम्मा** | **३७९.३६** | **२२४.४९** | **५९.१८** |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

# परिच्छेद ८

# आर्थिक परिदृष्य

## ८.१ कृषि उत्पादन

- तीन तहका सरकारवाट कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यका साथ आएका नीति तथा कार्यक्रम, व्यावसायिक कृषि प्रणालीको विस्तार, उन्नत वीउविजन एवम् मलखादको उपलब्धताका कारण कृषि उत्पादनमा वृद्धि हुने देखिन्छ ।
- यस प्रदेशमा समग्र गहुँ बालीले ढाकेको भु-क्षेत्रमा कमी आएको र विभिन्न जिल्लाहरुमा पहेलो सिँदुरे रोग प्रकोपका कारण उत्पादनमा ह्रास आएको देखिन्छ । आगामी अवधिमा विभिन्न रोग/प्रकोप नियन्त्रण र समयमै मलको उपलब्धता भएमा गँहुको उत्पादन बढने अनुमान गरिएको छ ।
- यस प्रदेशमा रहेका विभिन्न जिल्लाहरुमा मकै जोन/मिसन कार्यक्रम संचालन, स्वदेशी हाइब्रिड मकैलाई सरकारवाट प्रोत्साहन, बसन्ते मकै क्षेत्र विस्तार तथा अनुकुल मौसमका कारण आगामी अवधिमा मकै उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।
- यस प्रदेशको विभिन्न जिल्लाहरुमा शुरु भएका तरकारी उत्पादन प्रवर्द्धन कार्यक्रमले व्यावसायिक कृषिमा बढ्दो आकर्षण, उन्नत बीउविजनको प्रयोग, विभिन्न अनुदान कार्यक्रमका साथै तरकारी बालीले ढाकेको क्षेत्रफल र उत्पादन समेतमा वृद्धि देखिएको कारण आगामी अवधिमा तरकारी उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।
- नवलपरासी जिल्लामा व्यावसायिक केरा खेती तर्फ कृषकहरुको बढ्दो आर्कषण, अन्य जिल्लाहरुमा ड्रागन, किवी, सुन्तला खेती र विभिन्न फलफूल स्मार्ट कार्यक्रम सञ्चालनमा रहेको, फलफूल बालीले ढाकेको क्षेत्रफल र उत्पादन समेतमा वृद्धि भएको कारण आगामी अवधिमा फलफूल उत्पादन उल्लेख्य मात्राले वृद्धि हुने अनुमान रहेको छ ।
- यस प्रदेशमा उन्नत जातका खसी/बोका/भेंडा, कुखुरा र सुगुँर/बंगुर उत्पादन प्रर्वद्धन कार्यक्रम सञ्चालनमा रहेका छन् । तर, कोरोनाको महामारी पश्चात् लयमा आएको पशुपालन तथा दुग्ध व्यवसाय सञ्चालन गरिरहेका युवाहरु विदेशिने गरेको र हाल बैंकबाट ऋण प्रवाहमा समेत नकारात्मक प्रभाव परेकोले अधिकांश फार्महरु विस्थापित हुने क्रम बढेको कारण अगामी अवधिमा दुध, मासु र अण्डा उत्पादन ह्रास हुन सक्ने अनुमान गरिएको छ ।
- यस प्रदेशको तराईका जिल्लाहरुमा माछाको व्यावसायिक उत्पादन तथा बजार सन्तोषजनक रहेको कारण आगामी अवधिमा माछा उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।
- यस प्रदेशका रुपन्देही, अर्घाखाँची, गुल्मी, तथा कपिलवस्तु लगायतका जिल्लाहरुमा वन सर्म्बद्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम सञ्चालनमा रहेको छ । दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनमा आउन सके आगामी अवधिमा वन पैदावार वृद्धि हुने अनुमान रहेको छ ।
- गुल्मी, अर्घाखाँची र पाल्पा जिल्लाहरुमा व्यावसायिक कफी खेती गरिदै आएकोमा किसानहरुले उत्पादनको उचित बजार मुल्य पाउन नसक्दा अन्य विकल्प खोजेको अवस्थामा यस खेतीको प्रवर्द्धन गर्न स्थानीय तहबाट उचित कार्यक्रम हुन सकेमा कफी उत्पादनमा अनुकुल प्रभाव पर्ने देखिन्छ ।

## ८.२ औद्योगिक उत्पादन

- समीक्षा अवधिमा बैंक व्याज दरमा आएको वृद्धि, अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र औद्योगिक कच्चा पदार्थको मूल्यमा भएको वृद्धिका कारण उद्योग क्षेत्रको उत्पादनमा प्रतिकुल प्रभाव परेको भएतापनि आगामी अवधिमा बैंक व्याजदरको घट्दो क्रम, नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लिएका नीतिका कारण थप पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढ्ने अनुमान गरिएको छ ।

- यस प्रदेशको क्लिंकर तथा सिमेन्टको भारतीय बजारमा माग रहेतापनि निर्यातमा सहजता नहुनु, चुनढुङ्गा उत्खननमा अवरोध र आन्तरिक मागमा भएको कमिका कारण समीक्षा अवधिमा सिमेन्ट, क्लिंकर तथा छड उत्पादनमा ह्रास देखिएको छ । सरकार र निजी क्षेत्र बीच समन्वय तथा उद्योग मैत्री नीति अवलम्बन गर्न सके आगामी अवधिमा सिमेन्ट, क्लिंकर तथा छड उत्पादनमा अनुकुल प्रभाव पर्ने र भारतीय बजारमा समेत निर्यात गर्न सक्ने देखिन्छ ।

- समीक्षा अवधिमा कच्चा पदार्थमा भारतले लगाएको रोक, मूल्य वृद्धि, उत्पादित वस्तुको मागमा कमिका कारणले खाद्य उद्योगहरुको उत्पादनमा ह्रास आएको भएतापनि भारतले गहुँ निर्यातमा खुल्ला गरेको, कच्चा पदार्थको मूल्यमा कमि हुदै गएको, खाद्य उत्पादनहरु तेस्रो मुलुकहरुमा पनि निर्यात हुन थालेको कारण आगामी अवधिमा खाद्य उद्योगहरुको उत्पादन वृद्धि हुने अनुमान रहेको छ ।

## ८.३ सेवा क्षेत्र

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले व्यवसायिक उडान थालेको, उक्त विमानस्थलमा रात्रीकालिन विमान सेवा विस्तार लगायत आन्तरिक वायुसेवा कम्पनीहरुको सिट क्षमता बढ्नुको साथै अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरु समेतले उडान गरिरहेको कारणले थप अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरुलाई आर्कषण गर्न र लुम्बिनी लगायतका धार्मिक स्थलहरुमा Recreation प्रकृतिको स्पट प्याकेज बढाउन सके आगामी अवधिमा यस क्षेत्रमा पर्यटकीय गतिविधि बढ्न गई आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन बढ्ने देखिन्छ ।

- समीक्षा अवधिमा पर्यटकीय गतिविधिहरु सुचारु भएको, आन्तरिक तथा बाह्य पर्यटकहरुको सङ्ख्या पनि वृद्धि हुँदै गएको, होटलहरुमा पर्यटकको सङ्ख्या बढ्दो क्रममा रहेको तथा आवतजावत सहज भएसँगै लुम्बिनी प्रदेशका पर्यटकीय स्थलहरु लुम्बिनी, पाल्पाको तानसेन र भैरवस्थान, अर्घाखाँचीको सुपादेउराली, प्युठानको स्वर्गद्धारी लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुमा आन्तरिक तथा बाह्य पर्यटकहरुको सङ्ख्या बढेको देखिएकाले आगामी अवधिमा पर्यटकीय गतिविधिहरु पुरानै अवस्थामा फर्कन सक्ने देखिन्छ ।

- कोभिड पश्चात् समीक्षा अवधिमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन सङ्ख्या क्रमशः वृद्धि हुँदै गईरहेको, पर्यटन क्षेत्र विस्तारै लयमा फर्किन थालेको कारण आगामी अवधिमा होटल, टुर्स एण्ड ट्राभल्स लगायतका क्षेत्रहरुमा रोजगारी बढ्ने अनुमान रहेको छ ।

- समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुवाट हुने घरजग्गा लगानीलाई नीतिगत रुपमै कडाई गर्नाले घरजग्गा कारोवारमा मन्दी देखिएको छ । घरजग्गा लगानी सम्बन्धी नीतिगत व्यवस्था, बैकहरुमा लगानीयोग्य साधनहरुको कमी तथा अर्थतन्त्रमा देखिएको शिथिलताको कारण आगामी अवधिमा घरजग्गा कारोवार थप संकुचन हुने देखिन्छ ।

- लुम्बिनी प्रदेश सरकार र स्थानीय तहहरुले विभिन्न स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण र स्वच्छ सफा प्रदेश बनाउनका लागि प्रदेशका मुख्य नगरहरुमा प्लास्टिक पदार्थ नियन्त्रण, सूर्तीजन्य पदार्थहरुको बिक्रि वितरण

तथा सेवनमा रोक जस्ता कार्यक्रमहरु घोषणा गरेका छन् । घोषणा गरिएका कार्यक्रमहरु कार्यान्वयन हुन सकेमा आगामी अवधिमा स्वास्थ्य क्षेत्रमा अनुकुल प्रभाव पर्ने देखिन्छ ।

- पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, विद्युतीय सवारी साधनहरुमा दिईएको कर छुट, विद्युतको नियमित र सहज आपूर्तिको कारण विद्युतिय सवारीसाधन तथा उपकरणहरुको माग आगामी अवधिमा बढ्ने देखिन्छ ।
- बैंक तथा वित्तीय संस्थाहरुको बढ्दो उपस्थितिसँगै यस क्षेत्रमा प्रवाह हुने वित्तीय सेवा र थप आर्थिक गतिविधिले यस प्रदेशको आर्थिक वृद्धिमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- निर्माणाधिन राष्ट्रिय गौरवका आयोजनाहरु मध्ये सिक्टा सिँचाइ, बबई सिँचाइ र भेरी बबई ड्राइभर्सन जस्ता सिँचाइ आयोजनाहरुको निर्माण कार्यसम्पन्न पश्चात् यस प्रदेशका बाँके र बर्दिया जिल्लाहरुको खेतीयोग्य जमिनमा सिँचित क्षेत्रफल बढ्ने अनुमान रहेको छ ।
- यस प्रदेशमा निर्माणाधिन अर्घाभगवती विमानस्थल, सिद्धार्थ राजमार्गको सिद्धबाबा दोभान सडकखण्डमा निर्माणाधीन सिद्धबाबा सुरुङ मार्ग, तिनाउ दानव कोरिडोर सडक, बुटवल ग्रीड जडित सौर्य विद्युत् आयोजना, बुटवल नारायणगढ सडक स्तरोन्नती लगायतका पूर्वाधार आयोजनाहरुको विकास र विस्तारका कारण रोजगारी तथा अन्य आर्थिक गतिविधीमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।
- यस प्रदेशमा पर्ने सालझन्डी ढोरपाटन सडक आयोजना, गोरुसिँगे सन्धीखर्क सडक, बुटवल तम्घास सडक लगायतका मुख्य सडक मार्गहरुको स्तरोन्नती गर्ने कार्य भइरहेको कारण यी आयोजनाहरु सम्पन्न भए पश्चात् पूर्वाधार लगायत अन्य क्षेत्रहरुमा समेत अनुकुल प्रभाव पर्ने देखिन्छ ।
- तीन तहका सरकारहरुको न्यून पुँजीगत खर्च तथा बैंक ब्याजदर वृद्धिका कारण उद्योग व्यवसाय लगायत समग्र अर्थतन्त्रमा परेको असहज अवस्थाले लगानीमा ह्रास आई पूर्वाधार निर्माणमा प्रतिकुल प्रभाव पर्ने देखिन्छ ।